भारतीय प्रधानमन्त्री मोदीद्वारा रोजगार योजना शुरू | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ • अंक ३४ • २०७७ साल असार ८ गते सोमबार (22 June, Monday, 2020) • मूल्य रु. ५।-

## नागरिकता सम्बन्धी विभेदकारी विधेयक समितिबाट पास

**टुडे समाचारदाता**

काठमाण्डु ।नेपाली पुरुषसित विबाहगर्ने विदेशी महिलाले अब नेपाल आउने बितिकै बैबाहिक अंगीकृत नागरिकता पाउने प्रावधान हटाइएकोछ।

संसदको राज्य व्यवस्था तथा सुशासन समितिको आइतवार बसेको बैठकमा नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई लगातार ७ वर्ष नेपालमा बसेपछि मात्रै अंगीकृत नागरिकता दिने गरी नागरिकता ऐनमा संशोधन गर्ने प्रस्ताव बहुमतले पारित भएकोछ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का सदस्यहरुलेसमर्थन जनाएपछि नागरिकता सम्बन्धी विधेयक समितिको बहुमतले पारित गरेको समिति सभापति शशी श्रेष्ठले बताइन् । प्रस्तावको पक्षमा नेकपाका सांसदहरू बाहेक सबै प्रतिपक्षी दलका सांसदहरूले असहमति जनाए।

वैवाहिक अंगीकृत नागरिकता विवाह गरेको ७ वर्षपछि दिने व्यवस्थामा नेपाली काँग्रेसले असहमति जनाएकोछ ।'विदेशी महिलालाई विबाह गरेको ७ वर्ष सम्म नागरिकता नपाउनु विभेद हो' काँग्रेसका सांसद डा.अमरेश कुमार सिंहले भने, त्यसमा हामी सहमत हुन सकेनौ । कांग्रेसले नागरिकता ऐनको संशोधन संविधानमा उल्लेख भएको संघीय कानून बमोजिम नभएको उल्लेखगर्दै असंवैधानिक र संविधान नै संशोधन गर्ने प्रयास भएको जनाएकोछ ।

कांग्रेस सांसदहरू दिलेन्द्रप्रसाद बडू, देवेन्द्रराज कँडेल, डा. डिला संग्रौला पन्त, अमरेशकुमार सिंह, मीना पाण्डे र विनोद चौधरीले फरक मत दर्ता गराएका हुन् । कांग्रेस पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा आइतबार बिहान बसेको कांग्रेस नेताहरूको बैठकले अंगीकृत नागरिकताबारे अहिलेकै व्यवस्था कायम राख्नुपर्नेमा जोड दिएको थियो।

> **कांग्रेस पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा आइतबार बिहान बसेको कांग्रेस नेताहरूको बैठकले अंगीकृत नागरिकताबारे अहिलेकै व्यवस्था कायम राख्नुपर्नेमा जोड दिएको थियो।**

कांग्रेसले दलीय सहमतिमा बनेको नागरिकता ऐन २०६३ को विपरीत रहेको दाबी गरेको थियो। नागरिकतामा गरिने नयाँ व्यवस्थाले संवैधानिक, सामाजिक र पारिवारिक जटिलता देखिने कांग्रेसको कथनछ।

त्यसैगरि राष्ट्रिय जनता पार्टी(राजपा)को तर्फबाट राजेन्द्र महतो, राजकिशोर यादव ,समाजवादी पार्टीबाट राजेन्द्र श्रेष्ठ र रामसाह्य प्रसाद यादवले संयुक्त हस्ताक्षरगर्दै नोट अफ डिसेन्ट बुझाएका हुन् ।

कांग्रेसले समितिमा यसबारे आफ्नो फरक मत पनि दर्ता गराएको छ । पार्टीका ६ जना सांसदले दर्ता गराएको फरक मत बडुले समितिमा पढेर सुनाएका थिए।

बैठकमा राजपाका सांसद राजेन्द्र महतोले अंगीकृत नागरिकले नेपालको राष्ट्रियतामा कहाँ खलल पुऱ्याएका छन् भन्ने प्रश्न गरेका थिए । हालको संशोधनले संवैधानिकमात्र नभइ पारिवारिक समस्या समेत पैदा हुने तर्क गरे । राज्यव्यवस्था समितिले आइतबार विधेयकमा अंगीकृत नागरिकता नपाञ्जेल विदेशी महिलालाई स्थायी बसोबास अनुमति पत्र दिने प्रस्ताव ल्याएको छ । यसले राजनीतिक र सरकारी नियुक्ति, जागिरबाहेकका विभिन्न ७ वटा अधिकारको व्यवस्था गरेको छ।

## नेपाल र भारतबीचको रोटीबेटी सम्बन्ध बिगार्ने दुष्प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम ।विदेशी महिला नेपालमा बुहारी बनेर आउँदा नागरिकताका लागि निरन्तर ७ वर्ष बसोबास गर्नुपर्ने प्रावधानको तराईमा व्यापक बिरोध हुन थालेकोछ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी(नेकपा)को बहुमतले आइतवार राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको नागरिकता विधेयकको विरोधमा मानिसहरु सडकमा उत्रेका छन् ।

विधेयकको विरोधमा जनता समाजवादी पार्टी(जसपा)का नेता कार्यकर्ताहरुले प्रदेश २ भरी प्रदर्शन गरेका छन् ।प्रदेशको अस्थायी राजधानी जनकपुरधामको जनक चोकमा जसपाका महिला नेतृ, युवा र नेताहरूले संयुक्त रुपमा बिरोध प्रदर्शनगर्दै बैबाहिक नागरिकता सम्बन्धी हाल कायम रहेके प्रावधानलाई निरन्तरता दिनुपर्ने माग गरे ।उनीहरुले सत्तारुढ दल नेकपाको समेत बिरोध गरे ।


यसैगरि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका विद्यार्थी, युवाहरुले समेत प्रदर्शन गरेका छन् ।काँग्रेसको पार्टी कार्यालयबाट नेपाल विद्यार्थी संघको अगुवाईमा आइतवार दिउँसो निस्केको जुलुस नगर परिक्रमागर्दै अंगीकृत नागरिकता सम्बन्धी प्रावधानलाई खारेज नगर्न माग गरे।

राजनीतिक सहमतिबाट बनाइएको नागरिकता सम्बन्धी ऐनमा विदेशी महिला नेपालमा बुहारी बनेर आउँदा तत्काले सम्बन्धीत देशको नागरिकता परित्याग गरेको कार्वाही चलाए बैबाहिक अंगीकृत नागरिकता पाउने प्रावधानछ ।तर समितिले संशोधन गरेको विधेयकमा त्यसलाई अब ७ वर्ष निरन्तर बसोबास गरे मात्र अंगीकृत नागरिकता पाउने प्रावधान राखिएकोछ।

प्रदेश २ को बीरगञ्ज, कलैया, गौर, मलंगवा, जलेश्वर, सिरहा, लहान, राजविराज लगायतका सहरहरुमा विभिन्न प्रकारले काँग्रेस र जसपाले छुट्टाछुट्टै बिरोध गरेका छन् ।बिरोध कार्यक्रममा ठूला नेताहरुको सहभागिता नरहेपनि युवा, महिलाहरुले उत्साहपूर्वक सहभागिता जनाए । उनीहरुले रामायणकालदेखि रहँदै आएको दुई देशबीचको सम्बन्धलाइ नेकपाले भत्काउन लागेको आरोप लगाए।

बैबाहिक अंगीकृत नागरिकतामा गरिएको संशोधनको सत्तारुढ नेकपा स्थायी कमिटी सदस्य एवं पूर्व मन्त्री मातृका प्रसाद यादवले पनि बिरोध गरेका छन् ।

नेपाल र भारतबीच रोटी-बेटीको सम्बन्ध रहेको र सोही कारणले सीमानामा बस्ने नेपालीहरुले भारतीयसँग वैवाहिक सम्बन्ध गाँस्ने गरेको उल्लेखगर्दै यादवले भने, ७ वर्षे प्रावधानले ७ वर्षसम्म राज्यबिहिन बनाउँदै आर्थिक,राजनीतिक,साँस्कृतिक शोषण तथा मानसिक प्रताडना हुनेछ ।




## कोरोना भाइरस संक्रमितको संख्या ९ हजार नाघ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा कोरोना भाइरस (कोभीड-१९) संक्रमितको संख्या आइतवार दिउँसो सम्म ९ हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमका अनुसार शनिबार ४ सय २१ जनामा संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या ९ हजार २६ पुगेको हो ।

त्यस मध्ये मृत्यु हुनेको संख्या २३ पुगेको मन्त्रालयले पुष्टि गरेकोछ । मन्त्रालयका प्रवक्ता डा. गौतमका अनुसार असार ५ गते गुल्मीको चत्रकोट गाउँपालिका ५ का ६९ वर्षीय पुरुषको मृत्यु भएको हो। पारालाइसिसको उपचारका लागि भारत गएको र जेठ २५ गते नेपाल आएका वृद्धको असार ५ गते होम क्वारेन्टाइनमै मृत्यु भएको प्रवक्ता गौतमले जनाए ।

मृत्युपछि पीसीआर परीक्षण गर्दा उनको रिपोर्ट पोजिटिभ आएको गौतमले बताए ।६ गते भैरहवा प्रयोगशालामा गरिएको परीक्षणमा पुरुषमा कोरोना पुष्टि भएको थियो । उनको शव असार ६ गते नेपाली सेनाको विशेष टोलीले व्यवस्थापन गरिसकेको गौतमले बताए ।

मन्त्रालयका अनुसार आइतबार ८ महिला र १ सय ८६ पुरुष गरेर १ सय ९४ जना डिस्चार्ज भएका छन् । अहिलेसम्म उपचारपछि कोरोना भाइरस संक्रमणबाट निको भएर १ हजार ७ सय ७२ जना घर फर्केका छन् । जसमध्ये १सय ४९ महिला र १ हजार ६ सय २३ पुरुष रहेको प्रवक्ता गौतमले जनाए ।

हाल सम्म पीसीआर विधिबाट १ लाख ७५ हजार १ सय ७३ र आरडीटी विधिबाट २ लाख ६२ हजार १ सय ७४ जनाको नमुना परीक्षण गरिएको मन्त्रालयले जनाएकोछ ।

२४ घण्टामा २२ प्रयोगशालामा पीसीआर विधिबाट ६ हजार ८ र आरडीटी विधिबाट ९ हजार ८ सय ७४ जनाको नमुना परीक्षण गरिएको प्रवक्ता गौतमले बताए ।

मन्त्रालयका अनुसार क्वारेन्टाइनमा हाल सम्म ९४ हजार ९ सय २८ छन् ।त्यसैगरि आइसोलेसनमा ७ हजार २ सय ३१ जनाको उपचार भइरखेको छ।

यसैगरि प्रदेश २ मा शनिवार साँझ सम्म ७ महिला र ७१ जना पुरुषगरी कुल ७८ जना ब्यक्तिहरुमा कोरोना भाईरस सत्रंमण भएको पुष्टि भएको छ। प्रदेश २ को समाजिक विकास मन्त्रालयका अनुसार सप्तरीमा २ जना पुरुष, सिराहामा ४ महिला र ४८ पुरुषगरी ५२ जना, महोत्तरीमा २ जना पुरुष, धनुषामा १ महिला र ७ पुरुष गरी ८ जना, सर्लाहीमा १ महिला र ८ पुरुषगरी कुल ९ जना, रौतहटमा १ जना पुरुष र बारामा १ महिला र ३ जना पुरुषहरु गरी कुल ४ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।



# प्रदेश सभा सदस्य सीता गुरुङद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण

**रञ्जन यादव**

जीतपुर । प्रदेश सभा सदस्य सीता गुरुङले बाराको सिमरामा रहेको अस्थायी कोरोना अस्पताललाई स्वास्थ्य सामग्री उपलब्ध गराउनुभएको छ।



स्वास्थ्य सामग्री आज एक कार्यक्रमकाबीच क्वारेन्टाइनका अध्यक्ष तथा जितपुर सिमरा उपमहानगरपालिका का नगरप्रमुख कृष्ण पौडेललाई गुरुङगले हस्तान्तरण गर्नुभएको छ । स्वास्थ्य सामग्रीमा दुईथान थर्मलगन,पिपिइ, माक्स,सेनिटाइजर लगायतका स्वास्थ्य सामग्रीहरूरहेका छन् ।

सो कार्यक्रममा प्रदेशसभाका सदस्य सुन्दर विश्वकर्मा, नेकपा केन्द्रीय सदस्य दिनेश राई,जितपुर सिमरा उपमहानगरपालिकाकि उपप्रमुख सरस्वती देवी चौधरी,नेकपाका नेता मनोज पौडेल कार्यपालिका सदस्य शोभा कार्की नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाका प्रमुख महिला अगुवा सिता केसी बिकास साहलगायतको उपस्थिति रहेको थियो ।

प्रदेशसभा सदस्य गुरुङले निजगढ नगरपालिकाको क्वारेन्टाइनकोल्हवीनगरपालिकाको क्वारेन्टाइन,कलैया क्वारेन्टाइनमा पनि स्वास्थ्य सामग्री हस्तान्तरण गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

# रामजानकी मन्दिर परिसरमा वडा कार्यालय नबनाउन माँग

**टुडे समाचारदाता**

कलैया । कलैया उपमहानगरपालिका वडा नम्बर १ का वडाअध्यक्ष हरिओम साह सोनारले वडा कार्यालय रामजानकी मन्दिर परिसरमा वडा कार्यालय बनाउने गरेको निर्णयलाई वडावासीले बिरोध गरेका छन् ।

कलैया गाँउ अर्थात ओमशान्तिको निर्माण भईरहेको नजिकैमा नगरपालिकाको ३ कठा ५ धुर जग्गा रहेकोरसो जग्गामा धेरा समेत गरिसकेको अवस्थामा रामजानकी मन्दिरमा वडा कार्यालय निर्माण गर्नु जायज नरहेको भवन निर्माण संर्घष समितिका संयोजक गुदर यादवले दुखेसो गरे । जनताको मनोभवना बुझी कलैया उपमहानगरपालिकाका मेयर राजेशराय यादवले सो जग्गाको निरिक्षक गरि सो जग्गाको संरक्षण संवर्द्धन गर्न भनिसकेको अवस्थामा वडाअध्यक्षले २०७६ साल फाल्गुन ५ गते वडाको बैठक बसी रामजानकी मन्दिर अगाडी वडा कार्यालय निर्माण गर्न निर्णय गराएका छन् ।

धार्मिक स्थलको रुपमा चिनारी रहेको रामजानकी मन्दिरलाई संरक्षक , सम्वर्द्धन गनुपर्ने नेपाल सरकारको नियम कानुन विपरित वडा कार्यालय बनाउने निर्णय जनताको भवना विपरित रहेको यादवले भने ।

# नेपालको झण्डा भारतमा जलाएको विरोधमा प्रदर्शन

**टुडे समाचारदाता**

बीरगञ्ज । नेपालको झण्डा भारतमा जलाएको विरोधमा जनता समाजवादी पार्टी नेपालका मुस्लिम संगठनले आइतबार वीरगंजमा विरोध प्रदर्शन गरेको छ ।

वीरगंजको आदर्शनगर स्थित पार्टी कार्यालयबाट निकालिएको विरोध ऱ्याली नगर परिक्रमा गर्दै घण्टाघरमा पुगी कोणसभामा परिणत भएको थियो ।

नेपालको झण्डा जलाउने भारतीय नागरिकको फोटोहरु प्रदर्शनकारीले तोडफोड गर्दा पर्सा प्रहरीले लाठि चार्ज गरी केहि मुस्लिम अगुवाहरु लाई हिरासतमा लिएका छन् ।



पत्राउ गर्ने क्रममा आएका प्रदर्शनकारी र पर्सा प्रहरी बिच केहि बेर विवाद भएको थियो । जनता समाजवादी पार्टीका भातृ संगठन, मुस्लिम संगठनका अध्यक्ष खैरुद्दिन हवारीको अध्यक्षतामा निकालिएको ऱ्यालीमा प्रहरी हस्तक्षेप भएको र केहि कार्यकर्ताहरुलाई प्रहरीले नियन्त्रण मा लिएकोमा विरोध जनाएका छन् । विरोध जनाउँदै पक्राउ परेकाहरुलाई यथासिघ्र रिहाईको माँग गरेका छन् ।

# ठक्कर दिएर घाइते बनाएपछि टिपरमा आगजनी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक व्यक्तिलाई ठक्कर दिएर चालक फरार भएपछि स्थानीयले टिपरमा तोड्फोड र आगजनी गरिएको छ।



धनुषाधाम नगरपालिका ८ मा ना.८ख ८३९३ नम्बरको टिपरले स्थानीय दिनेश साहलाई ठक्कर दिएपछि स्थानीयले तोड् फोड गर्दै आगजनी गरेका हुन् ।

साइकलमा सबार ३० बर्षीय साहलाई ठक्कर दिए लगत्तै चालक भागेपछि आक्रोशित स्थानीयले आगजनी गरेका हुन् । आगजनीबाट टिपरको अगाडि भाग क्षतिग्रस्त भएको छ।

घाइते साहको भने प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ।

# वैबाहिक अंगीकृत नागरिकता सम्बन्धी ऐन अस्वीकार

**टुडे समाचारदाता**

वीरगञ्ज । वैबाहिक अंगीकृत नागरिकता सम्बन्धि नेकपाको निर्णयलाई संघीय सांसद प्रदिप यादवले मधेश बिरोधी बताएका छन् । मधेसी जनताको अस्मितामाथि आक्रमण हो उनले भने ।

विवाह भएको ७ बर्ष पछि मात्र बैवाहिक अंगीकृत नागरिकता दिने नेकपाले निर्णय गरेको मधेशको संस्कृतिमाथि नै प्रहार गरेको उनले समाजिक संजालमा टिप्पणी गरेका छन् ।

'मधेशमा बसोबास गर्ने मधेशीहरूको भारतको बिहार, उत्तरप्रदेश, पश्चिम बंगाल लगायतको ठाउँमा एक अर्का विच बिहाबारीको संवध यो दुइटै देशको राजनीतिक नक्साभन्दा पहिलेदेखि कायम छ,' साँसद यादवले भनेका छन्, 'परम्परा दुवै देशका नागरिकको जीवनसंग जोडिएको छ ।

यस परंपरागत सांस्कृतिक संवधलाई तोड्नका निमित्त कसैको डिज़ाइनमा सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टीले मधेशी बिरोधी निर्णय गरेको छ ।'

वैबाहिक अंगीकृत नागरिकता सम्बन्धि ऐन ल्याउने बिद्रोहका निम्ति जनतालाई उक्साउने प्रयास स्वरुप अघि सारिएकोले आफु र सबै सचेत बर्ग यसको बिरोधमा उत्रिएको प्रतिक्रिया दिए ।

'यस्तो जनविरोधी निर्णयको म घोर बिरोध गर्दछु । यदि यस्तै यो विधेयक पास गर्न खोजियो भने हामी संसद र सड्कमा यसको विरुद्धमा आवाज उठाउँछौं,' उनले अगाडि प्रश्नहरु तेर्स्याए, 'यस्तो निर्णयले बिबाहको ७ बर्षपछि पार्ने प्रभाव हेर्नु पर्ने हुन्छ ।

विवाह भएको एक बर्षमा बच्चा जन्मिनछ, जन्मदर्ता कसरी गर्ने ? त्यतिमात्र होइन विवाह भएर आएकी महिलाले लोकसेवा आयोगको जाँच दिनु परयो दिन पाउने की नपाउने ?

विदेशमा रहेको श्रीमानसंगै वस्न नेपाली राहदानी वनाउनु परयो के हुन्छ ?

सात वर्ष अगावै श्रीमानको देहान्त भयो, के हुन्छ ? उसले अंश पाउन र नाता प्रमाणित गरी नागरीकता लिन आदि सबै अधिकारबाट बंचित हुनु पर्छ कि पर्दैन ?' यो मानवअधिकार र लोकतन्त्र विरोधी कार्य कदम हो यसमा सबै न्यायप्रेमी जनताले यो जनविरोधी निर्णयको विरोध गर्नुपर्छ भन्ने साँसद यादवको भनाई छ ।

# कोरोनाबाट बच्नको लागि स्वास्थ्य सामग्री हस्तान्तर

**टुडे समाचारदाता**

कलैया । बारा निवार्चन क्षेत्र नं ३ (क) का प्रदेश सभा सदस्य माननिय ज्वाला कुमारी साहको सहयोगमा बाराका बिभिन्न सरकारी कार्यालयहरुमा कोरोनाबाट बच्नको लागि स्वास्थ्य सामग्री हस्तान्तर गरिएको छ । प्रदेश सरकारकोपूर्वाधार बिकास कार्यालय बिरगंज, पर्साको समन्वयमा निर्वाचन क्षेत्र बिकास कार्यक्रम अन्तर्गत कोभिड-रोकथामको लागि अटोमेटिक हैण्ड वास तथा स्वास्थ्य सामग्रीहरु ती कार्यालयहरुमा स्तान्तरण गरिएको हो ।





सो सामग्रीहरु चन्दन नाथ गण बह्मपुरी, सशस्त्र प्रहरी बल नेपाल उतरभिटकैया लगाएतका स्थालहरुमा अटोमेटिक हैण्ड आवस सेट, हैण्ड आवस सोप २ थान, सनिटाइजर ५ थान, (५ माकस ५ थान, मेडिकेटेड मास ५ प्याकेट, डिपोजल ग्लबस ५ प्याकेट तथा हाउस ग्लबस ५ थान लगायतका सामग्रीहरु माननिय ज्वाला कुमारी साहले बितरण गरिएको थियो । .

त्यसै गरी सामग्री बितरण कार्यक्रममा कलैया उपमहानगरपालिका मुस्लीम आयोगका जिल्ला संयोजक राजमहुमद राय अंसारी, कलैया उमहानपा ३ का वडा अध्यक्ष जलावदिन मंसुर, युवा संगठनका जिल्ला अध्क्ष्यक्ष पुरुषोत्म साह, नेता उमेश साह, अशोक तिवारी, प्रभु मण्डल, लगायतका कार्यकर्ताहरुको उपस्थिती रहेको थियो ।

सशस्त्र प्रहरीको गण नम्बर १२ का गणपति सशस्त्र प्रहरी उपरिक्षक दिगबिजय सुवेदी, नेपाली सेनाको चन्दननाथ गुल्मका प्रदेश साँसद साहलाई धन्यवाद ब्यक्त गरेका थिए ।

# कोरोना जितेर बालक घर फर्कन सफल

राजविराज । सप्तरी राजविराज नगरपालिका-१३ पिपराहीका १४ वर्षीय मिर्गौला रोगी एक बालक कोरोना जितेर घर फर्कन सफल भएका छन् ।

भारतको दिल्लीस्थित एम्स अस्पतालबाट उपचार गरी घर फर्कने क्रममा कोभिड-१९ को सङ्क्रमणमा परेका उनी १२ दिनको आइसोलेशन केन्द्र बसाइपछि शनिबार साँझ डिस्चार्ज भएको हो ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा बालकको रिपोर्ट नेगेटिभ देखिएपछि उपचारपछि डिस्चार्ज गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा रणजीतकुमार भत्राले बताए ।

बालकको ४० वर्षीया आमासमेतसँगै डिस्चार्ज भएका छन् ।

"बालकैमा मिर्गौला रोगी, त्यसमाथि कोरोनाको सङ्क्रमण सुनेर अत्तालिएकी थिए", बालककी आमाले भने, "उच्च मनोबलले ठूला रोग पनि परास्त हुने रहेछ ।"

जटिल खाले लक्षणबिना कोरोनामुक्त बालकले उच्च मनोबलले रोग परास्त हुने अनुभव सुनाए । बालक र आमालाई राजविराजस्थित क्वारेन्टिनमा बसेको १४ दिनपछि परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको थियो ।

दुवैको शुक्रबार पिसिआर परीक्षण गर्दा सङ्क्रमण देखिएन । शनिबार उहाँहरूसहित १४ जनालाई डिस्चार्ज गरेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा झाले भने । "म त बाल्यकालदेखि नै रोगी, त्यसमा कोरोना थपियो ।रासस

# टिपरले भाँचेको पिपलको हाँगा खस्दा महिला ठहरै

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीमा पिपलको रुखमुनी छहारीमा बसेकी एक महिलाको सोही रुखको हाँगाले थिचिएर ज्यान गएको छ ।जिल्लाको ब्रम्हपुरी गाउँपालिका ६ नोकैलवास्थित भित्री सडक खण्डमा ना.४ख.५४४८ नम्बरको टिपरले ग्राभेल झारेर टिपरको हाईड्रोलिक डाउन गर्ने क्रममा पिपलको हाँगालाई भाँचेपछि महिलाको शरीरमा खसेको थियो ।

हाँगाले थिचिएकी महिलाको घट्नास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ब्रहमपुरी गाउँपलिका ६ निवासी देवन साह कानुकी ४५ बर्षीया पत्नी कैलासिय देबीको मृत्यु भएको सर्लाही प्रहरीका प्रबक्ता मदन कुँवरले जानकारी दिए ।

# महोत्तरीमा पत्रकारहरुको कोरोना बिमा

**सुरेन्द्र सिंह**

बर्दिबास । कोभिड-१९ को सङ्क्रमणको जोखिममा काम गरिरहेका महोत्तरी जिल्लाका ५१ जना पत्रकारको सामूहिक कोरोना बीमा गरिएको छ । बर्दिवास-१ स्थित विनायक होटल प्रालिले शिखर इन्स्योरेन्स कम्पनीसँग समन्वय गरी प्रति पत्रकार रु. १ लाखको दरले जम्मा रु. ५१ लाखको कोरोना बीमा गराएको छ ।



पत्रकार महासंघ महोत्तरीमा सदस्य रहेका तथा जिल्ला क्रियाशील पत्रकारहरुको बीमा गराइएको महासङ्घका जिल्ला अध्यक्ष कमलेश मण्डलले बताए ।

विनायक होटलका संचालक विष्णु खड्काले जोखिमको बेलामा पत्रकारहरु निरन्तर खटिरहनु पर्ने भएकाले सुरक्षाको प्रत्याभूति दिन सहकार्य गरेको बताए ।

शिखर इन्स्योरेन्स बर्दिवास शाखाका प्रमुख नरेन्द्र कडारीले बिमित पत्रकारले कोरोना पोजिटिभ भएको पीसीआर रिपोर्ट बुझाएर बिमा कम्पनीसँग दाबी गरेमा १ लाख बिमा शुल्क प्राप्त गर्न सकिने बताए ।

# बालिका बिक्री गर्ने दुई पक्राउ

काठमाण्डु । एक बालिकालाई लोभ देखाएर भारतमा बिक्री गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोले ललितपुर महानगरपालिका-५ लगनखेलबाट १३ वर्षीया बालिकालाई उद्धार गरी उनीहरुलाई पक्राउ गर्न सफल भएको जनाएको छ ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक बाह्रबिसे घोडाथली घर भई हाल सुनसरी बस्ने कृष्ण मगर र सिन्धुपाल्चोक घर भई हाल पोखरा लेकसाइड बस्ने प्रविन तामाङ रहेको ब्युरोद्वारा आइतबार जारी विज्ञप्तिमा जनाएको छ । काममा लगाइदिन्छु भनी प्रलोभनमा पारेर भारतमा बिक्री गरेको भन्ने सूचनाका आधारमा खोजतलास तथा उद्धार गर्ने क्रममा भारतको रसलपुरबाट जेठ ३० गते भारतीय प्रहरीको सहयोगमा बालिकाको उद्धार गरिएरेको थियो ।

उनीहरुले बालिकालाई गत फागुन ११ गते काठमाडौंबाट सुनौली हुँदै भारतको उत्तर प्रदेश राज्यको पिप्रा रसलपुर पुऱ्याएका थिए । उनीहरुविरुद्ध मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान भइरहेको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक गोविन्द थपलियाले जानकारी दिनुभयो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कूम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वैदेशिक लगानीका अधिकांश सडक योजना ठप्प

काठमाण्डु । कोभिड-१९ र सरकारले जारी राखेको बन्दाबन्दीका कारण वैदेशिक लगानीका अधिकांश सडक योजना ठप्प बनेका छन् । वैदेशिक लगानी र निर्माणको जिम्मेवारी विदेशी कम्पनीलाई नै दिइएको योजनामा कम्पनीका अधिकांश कर्मचारी आआफ्नो देश फर्किएकाले निर्माण ठप्प बनेको हो ।

गत चैतको पहिलो साता रोकिएका योजना तत्काल सञ्चालन गर्ने अवस्था नरहेको सडक विभाग, विकास सहायता समन्वय महाशाखाले जनाएको छ । सरकारले तत्काल अन्तरराष्ट्रिय उडान खुलाउने अवस्था नभएकाले आफ्नो देश फर्किएकाहरु नेपाल आउन नसक्ने महाशाखाका प्रमुख अर्जुनजङ्ग थापाले बताउनुभयो ।

त्यसो त नेपालमा सङ्क्रमितको संख्या बढिरहेकाले उनीहरु आफैं पनि निर्माणका लागि नेपाल नआउन सक्छन् । उहाँले भन्नुभयो, सङ्क्रमण कम भएर अवस्था सामान्य नहुँदासम्म काम शुरु नहुन सक्छ । हाल नेपालमा वैदेशिक सहयोगमा कतिपय योजना निर्माणाधीन छन् भने कतिपय अध्ययनका क्रममा र कति अध्ययन सकिएर ठेक्का प्रक्रियामा जाने अवस्थामा छन् । सबै अवस्थामा रहेका योजनामा बन्दाबन्दीको प्रभाव परेको छ । नागढुङ्गा सुरुङमार्ग, नौबिसे-नागढुङ्गा सडक विस्तार, काठमाण्डु चक्रपथ सडक विस्तार (कलङ्की-चाबहिल खण्ड), स्याफ्रुबेंसी सडकलगायतका योजना बन्दाबन्दी कारण प्रभावित बनेका हुन् ।

सरकारले गत चैत ११ मा बन्दाबन्दी घोषणा गरेसँगै देशभरका अधिकांश सडक योजनासहितका वैदेशिक सडक योजनाको पनि निर्माण रोकिएको थियो । सरकारले अन्तरराष्ट्रिय उडान बन्द गर्नु पहिले निर्माणस्थलमा रहेका विदेशी आआफ्नो देश फर्किएको प्रमुख थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ भएका कम्पनीले पनि काम शुरु गर्न सकिरहेका छैनन् ।

बन्दाबन्दीको कही सातापछि सरकारले कृषि, उद्योगसँगै विकास निर्माणलाई निरन्तरता दिने निर्णय गरेको थियो । सम्बन्धित जिल्ला प्रशासनसँगको समन्वयमा निर्माण शुरु गरिए पनि विरोधका कारण निरन्तरता दिन नसकिएको उहाँले बताउनुभयो । बन्दाबन्दीसँगै निर्माण कम्पनीले स्थानीय कामदारलाई सम्बन्धित जिल्लामा पुर्‍याएको थियो । बन्दाबन्दीमै सरकारले निर्माण जारी राख्ने निर्णयसँगै उनीहरुलाई निर्माणस्थलमा फर्काइएको प्रमुख थापाले बताउनुभयो । कामदारको आरडिटी विधिबाट कोभिड-१९ परीक्षण भए पनि स्थानीय तहले निर्माण जारी राख्दा सङ्क्रमण फैलने भन्दै त्यसको विरोध गरेका थिए । उहाँले भन्नुभयो, स्थानीय तह र स्थानीयवासीले हुँदैन भनेकाले काम शुरु गर्न सकिएको छैन ।

चक्रपथको पहिलो खण्डका रुपमा कोटेश्वर-कलङ्की सडक विस्तार गरेको चीन सरकारले दोस्रो खण्ड बिस्तारका लागि अध्ययन गरिसकेको छ । पहिलो खण्डमा संरचना हटाउँदै निर्माण अघि बढाउँदा समयभन्दा केही ढिलाई भएको थियो । दोस्रो खण्डमा भने सरकारले सडक निर्माणस्थल खाली गरेपछि मात्रै निर्माण शुरु गर्ने चिनियाँ पक्षसँग सहमति भएको थियो । सरकारले निर्माणस्थल खाली गरेर चिनियाँ पक्षलाई हस्तान्तरण गर्नुभन्दा पहिले नै कोभिड-१९ को त्रासका कारण उनीहरु चीन फर्किएका थिए । आगामी आवमा सो सडकमा चिनियाँ पक्षले काम शुरु गर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, सामान्य अवस्था भएपछि उनीहरु आएर काम शुरु गर्नेछन् ।

जापान सरकारको सहयोगमा निर्माण शुरु भएका र अध्ययन भइरहेका योजना पनि अघि बढेका छैनन् । काठमाडौं उपत्यकाको सबैभन्दा बढी जाम हुने जडिबुटीमा फ्लाई ओभर वा सुरुङमार्ग निर्माणका लागि जापान सहयोग नियोग (जाइका) ले अध्ययन गरिरहेको थियो । त्यस्तै तीनकुने-सूर्यविनायक सडक विस्तार गरेको जाइकासँग सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागिसमेत सरकारसँग छलफल भइरहेको महाशाखाले जनाएको छ ।

काठमाण्डु भित्रने मुख्य नाका नागढुङ्गाको सडक चापको समस्या समाधानको उपायका रुपमा अघि बढाइएको नागढुङ्गा सुरुङमार्ग निर्माण पनि अहिले ठप्प छ । जापान सरकारको 'सफ्ट लोन' मा निर्माणाधीन सो सुरुङमार्ग निर्माण शुरु भएको केही महिनामा नै रोकिएको छ । अहिले पनि थोरै व्यक्ति त्यहाँ कार्यरत रहेका प्रमुख थापाले बताउनुभयो ।

विश्व बैंकको सहयोगमा नौबिसे-नागढुङ्गा सडक विस्तारका लागि अध्ययन भइसकेको छ । उहाँले भन्नुभयो, "यो सडकमा आगामी आवमा ठेक्का सम्झौता भएर काम अघि बढाइनेछ । सरकारले निर्माण गरिरहेका सडकमा समेत बन्दाबन्दीको प्रभाव परेको छ । सङ्घीय सरकारले निर्माण गरिरहेका अधिकांश सडक र पुल निर्माण अपेक्षानुसार अघि नबढेको सडक विभागले जनाएको छ । हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्ग, उत्तर-दक्षिण करिडोरलगायतका राष्ट्रिय गौरवका आयोजनामा निर्माण जारी राख्ने सरकारले निर्णय गरे पनि थोरै स्थानमा मात्रै निर्माण शुरु गरिएको आयोजना निर्देशनालयले जनाएका छन् ।

सरकारको आर्थिक सर्वेक्षणअनुसार सङ्घीय सरकारले गत फागुनसम्ममा ५५९ किमी सडक कालोपत्र, ६५७ किमी ग्राभेल र २५२ किमी कच्ची सडकको निर्माण गरेको छ । चालू आवको गत फागुनसम्ममा नै १५७ किमी सडक आवधिक मर्मत भएको थियो ।रासस

## आर्थिक वर्षको अन्त्यमा टालटुले काम, आधा योजना अलपत्र

मलगंवा । आर्थिक वर्षको लामो समयसम्म काम नगर्ने र समय सकिन लागेपछि बजेट खर्च गर्ने सरकारी प्रवृत्ति अझै छँदैछ । जिल्लाका सबै नगरपालिका र गाउँपालिकामा यतिखेर उपभोक्ता समिति गठन गरेर विकास निर्माणका काम धमाधम भइरहेको छ ।यस वर्ष जिल्लाका अधिकांश स्थानीय निकायले सडक विस्तार तथा स्तरोन्नतिलाई प्राथमिकतामा पारेका छन् । विकास निर्माणका लागि जिल्लाका स्थानीय निकायले रु ८० लाखदेखि एक करोड २५ लाखसम्म बजेट वडा कार्यालयका लागि साना तथा ठूला योजनाको काम धमाधम भइरहे पनि ठूला योजना गर्न छुट्याएको योजना अलपत्र छन् ।

चालू आर्थिक वर्ष २०७६/७७ सकिन अब करिब एक महिना बाँकी छँदा स्थानीय निकाय धमाधम बजेट सक्ने कसरतमा लागेका छन् । नगरपालिकाहरूले प्रत्येक वडालाई रु ८० लाखदेखि एक करोड २५ लाखसम्म बजेट भागबण्डा लगाएर सकाउन निर्देशन नै जारी गरेको केही वडाध्यक्षहरूले बताएका छन् । त्यही बजेटले वडाध्यक्षले भित्री गाउँहरूमा नयाँ सडक बनाउने, पिसीसी ढलान गर्ने, कालोपत्र गर्ने काम शुरु गरेका छन् । हतारमा उपभोक्ता समिति गठन गर्ने तथा ठेक्का लगाउने समिति गठन गर्दा तथा ठेक्का लगाउँदा नगरप्रमुख तथा उपप्रमुखका आसेपासेहरू र कतिपय वडाध्यक्षहरूलाई पार्ने प्रवृत्तिका कारण काम जति गुणस्तरीय हुनुपर्ने हो सोअनुसार नहुने गरेको देखिएको छ ।

जिल्लाका विभिन्न स्थानीय निकायहरूले ठेक्कामार्फत तथा निर्माण उपभोक्ता समितिमार्फत गरेका विकास निर्माणका काम गुणस्तरहीन हुँदा निर्माण सम्पन्न भएको केही समयमै भत्किन थालेका छन् । त्यस्तै जिल्लाका अधिकांश स्थानीय निकायले गरेको काम गुणस्तरीय नभएको भन्दै चैतर्फी विरोधसमेत भएका छन् । रासस

# मुलुकसामु दोहोरो चुनौती : कोरोना कहरसँगै मनसुनजन्य विपद्

काठमाण्डु । विश्व्यापी कोभिड-१९ को महामारीले इतिहासमै पहिलो पटक जटिल परिरिस्थितिसँग जुधिरहेको मुलुकसामु मनसुन सक्रिय भएसँगै बहुविपद्को सामना गर्नुपर्ने चुनौती खडा भएको छ । यस चुनौतीकाबीच सम्भावित जनधनको क्षति रोक्न युद्धस्तरकै तयारीमा जुट्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

मुलुकको ध्यान कोभिड-१९ मा रहेको वर्तमान अवस्थामा मनसुनजन्य विपद्लाई कमजोर आँकलन गर्न नहुनेमा विज्ञको जोड छ । यो वर्ष दोहोरो विपद्सँग जुध्नुपर्ने अवस्था रहेकाले तालमेल मिलाएर अघि बढ्न नसके ठूलो क्षति बेहोर्नुपर्ने सम्भावना जीवित छ ।

विपद् जोखिम व्यवस्थापन विज्ञ डा कृष्ण देवकोटा एकातर्फ कोरोनाबाट उत्पन्न विपद्को सामना गरिरहँदा भौतिक दूरी व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ, यही बेलामा मनसुनजन्य विपद्को समय थपिएपछि मुलुकसामु बहुप्रकोपविरुद्ध लड्नुपर्ने अवस्था रहेको बताउनुहुन्छ ।

कोभिड-१९ का कारण मुलुकले ठूलो आर्थिक क्षति बेहोरिरहेको छ । यो अवधिमा २२ जनाको मृत्युसमेत भइसकेको छ । नौ हजार बढी सङ्क्रमित भेटिइसकेका छन् । अहिले पनि मुलुक बन्दाबन्दीबाट मुक्त भइसकेको छैन । राज्य संयन्त्र कोरोना नियन्त्रणमा सक्रिय छ । त्यस चुनौतीकाबीच वार्षिक तथ्याङ्क हेर्दा मनसुनजन्य विपद्को अवस्था पनि डरलाग्दो छ ।

गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन २०१९ का अनुसार मनसुनजन्य प्रकोपका कारण वार्षिक झण्डै एक हजारले ज्यान गुमाउने गरेका छन् । झण्डै सात अर्बको क्षति भएको विवरणमा उल्लेख छ । उक्त प्रतिवेदनमा तीन हजार ६३९ घाइते हुने गरेको अभिलेख छ । जलप्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एशियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ ।

भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः एघारौं र तीसौं स्थानमा छ । जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ । प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसंख्या कुनै न कुनै विपद्को जोखिममा छन् ।

वार्षिक तीन लाख ३५ हजार जनसंख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेको छन् । विविध जटिलता र जोखिमका कारण मनसुनजन्य विपद् रोक्न र आएको विपद्बाट क्षति कम गर्न आवश्यक तयारीमा चुक्न हुँदैन ।

विपद् जोखिम व्यवस्थापन विज्ञ डा देवकोटाले दोहोरो विपद्को अवस्थामा तराई क्षेत्रमा थप चुनौती रहेको बताउनुभयो । कोभिड-१९ को सङ्क्रमण तराईमा बढी छ, डुबानको समस्या पनि तराईमा छ । तराईका क्वारेन्टिन डुबानका पर्‍यो भने अवस्था झन नाजुक हुनसक्छ, त्यसतर्फ बेलैमा ध्यान दिनुपर्छ, उहाँले थप्नुभयो ।

कोरोनाको व्यवस्थापन र मनसुनजन्य विपद्को व्यवस्थापन अलग अलगरुपमा गर्न सकिएन भने थप समस्या हुनेछ । राहत र उद्धारमा खटिने सुरक्षाकर्मी होस् या अन्य निकायका प्रतिनिधि अलगअलगरुपमा खटिन सके समुदायमा हुने सङ्क्रमण रोक्न सकिनेतर्फ डा देवकोटाले ध्यानाकर्षण गराउनुभएको छ ।

> "मन्त्रालयले यो वर्ष औसतमा विपद् आउँछ भन्ने आँकलन गरे पनि ठूलै विपद् आउँछ भन्ने ढङ्गले तयारी गरेर भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता महशुस गरेको छ । बहुप्रकोपका बेला केन्द्र, प्रदेश र स्थानीय तहले भरपुर तयारीमा जुट्नुपर्ने आवश्यकता छ । मनसुनजन्य विपद्को तयारीमा फितलो हुन नहुने विज्ञको जोड छ । विगतमा मनसुनजन्य विपद्का घटनामा स्थानीय तहको भूमिकामा प्रश्न खडा भएको थियो । कोभिड-१९ को सङ्क्रमण रोक्न स्थानीय तहले खेलेको भूमिकाको उच्च प्रशंसा हुँदै आएको छ ।

यही असार ५ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७७ पास गरी कोभिड-१९ सँगै मनसुनजन्य विपद्बाट जनधनको क्षति रोक्न आवश्यक तयारी थालेको छ ।

गृहमन्त्री रामबहादुर थापा यसपालि दोहोरो विपद्को सामना गर्नुपर्ने चुनौती रहेको उल्लेख गर्दै भन्नुहुन्छ, "मनसुनजन्य विपद्सँगै कोभिड-१९ को विपद् पनि छ, त्यसलाई रोक्न र क्षति न्यूनीकरण गर्ने जिम्मेवारी हामीहरूको छ, यसमा हाम्रो भूमिका बढाउनु जरुरी छ ।

मन्त्रालयले यो वर्ष औसतमा विपद् आउँछ भन्ने आँकलन गरे पनि ठूलै विपद् आउँछ भन्ने ढङ्गले तयारी गरेर भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता महशुस गरेको छ । बहुप्रकोपका बेला केन्द्र, प्रदेश र स्थानीय तहले भरपुर तयारीमा जुट्नुपर्ने आवश्यकता छ । मनसुनजन्य विपद्को तयारीमा फितलो हुन नहुने विज्ञको जोड छ । विगतमा मनसुनजन्य विपद्का घटनामा स्थानीय तहको भूमिकामा प्रश्न खडा भएको थियो । कोभिड-१९ को सङ्क्रमण रोक्न स्थानीय तहले खेलेको भूमिकाको उच्च प्रशंसा हुँदै आएको छ । त्यो मनोबललाई मनसुनजन्य विपद्मा समेत परिचालन गर्नुसके विगतको दाह हट्ने छ ।

मुलुकमा पहिरो, बाढी र डुबान एकैपटक आउँछ । अहिले कोरोनाको कहरले आक्रान्त पारेको वर्तमान समयमा अग्रपङ्क्तिमा बसेर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले सङ्क्रमणको सामना गरिरहेका छन् । जसका कारण विगतका वर्षमा जस्तो तयारीमा सुरक्षा निकाय जुटन सकिरहेको छैन ।

यद्यपि सुरक्षा निकायले मनसुनजन्य विपद्को तयारी पनि सँगसँगै लगेको बताएको छ । नेपाल प्रहरीका प्रवक्ता नीरजबहादुर शाही भन्नुहुन्छ, कोभिड-१९ मा खटिने प्रहरी र मनसुनजन्य विपद्का खटिने प्रहरी अलगअलग हुन्छ, आवश्यक तयारीमा नेपाल प्रहरी छ ।

मनसुनजन्य विपद्बाट क्षति रोक्ने उपाए भनेको पूर्वतयारी प्रमुख उपाय हो । भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने सम्भावना हुन्छ ।

भूकम्प, रोगजन्य महामारी, सुख्खाग्रस्त समय भनेको बेलाबेलामा आउने घटना हो त्यसको पनि समय परिस्थिति बुझेर अवश्यक तयारी र सचेतनाका कार्यक्रम नियमित हुनुपर्छ । हरेक वर्ष दोहोरिने बाढी, पहिरो, डुबान र आगलागीबाट क्षति रोक्न उच्च तयारी आवश्यक छ ।

वर्तमान अवस्थामा कोभिड-१९ बाट सिर्जित विपद्को सामना गरिरहेको नेपालका लागि मनसुनजन्य विपद्को तयारी गर्नु थप चुनौतीपूर्ण छ । मनसुनजन्य प्रकोपबाट हुने क्षति ठूलो छ ।

मुलुकमा पूर्वतयारी, विपद्पछिको उद्धार र राहतका योजनासहितको तयारी गरिए पनि अपूरो हुने गरेको सर्वसाधारणको गुनासो छ । प्रकोपबाट क्षति कम गर्न सुरक्षा संवेदनशीलतालाई ख्याल गरी आवश्यकमात्रामा सुरक्षाकर्मीको तयारी जरुरी छ । सुरक्षाकर्मीलाई तालिम प्राप्त गराएर उन्नत कलाशैलीको विकास गर्नुपर्ने आवश्यकता छ । त्यसलाई अझै उन्नत बनाउने आवश्यकता रहेको विपद्विज्ञको भनाइ छ ।रासस

# सामुदायिक वन फाँड्दै जतातत्तै सडक

बर्दिबास । चालु आर्थिक वर्ष सकिने लाग्दा महोत्तरीमा जतातत्तै हराभरा सामुदायिक वन फाँडेर सडक बनाईंदैछन् । पछिल्लोपटक जिल्लाको बर्दिवास नगरपालिका क्षेत्रमा सघन वनक्षेत्रभित्र वनपाखा फाँड्दै, भिरालो पाखामा ठूलाठूला यान्त्रिक साधनले पाखा भत्रेर सडक बनाउने क्रम बाक्लिएको हो । आर्थिक वर्ष २०७६/७७ सकिन लाग्दा बर्दिवास नगरपालिका-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा सामुदायिक वनक्षेत्रभित्र प्रदेशसभा-२ को संसदीय विकास कोष र क्षेत्र विकास कोषबाट प्रदेशसभा सदस्यको सिफारिसमा सडक बनाईंदै गरिएको हो । पूर्वपश्चिम राजमार्गबाट दाहाल्नी खोल्सीको छेउबाट पाखा भत्कार्दै धमाधम सडक बनाइन थालिएपछि बर्दिवासवासी आउने बर्खेभेलमा खहरे घरघर पस्ने चिन्ताले पिरोलिएका छन् । अहिले प्रदेशसभा सदस्य शारदा थापाको सिफारिसमा रु ५५ लाख रकम विनियोजन गरेर प्रदेश सरकारले यो सडक बनाउन लागेको हो ।

वनपाखा भत्रेर सडक बनाइन लागिएको ठाउँबाट ५०० मिटरको दूरीमा विपी राजमार्गले बर्दिवास-३ गौरीडाँडा जोड्ने विकल्प छँदै अहिले यो दूरीभित्र ठाउँठाउँमा पाखैपिच्छे पाखा भत्रेर सडक बनाउन थालिएपछि बर्खामा पाखाको पहिरो भत्रेर घर पुर्ने चिन्ता बर्दिवासवासीलाई परेको हो । रातुपुलदेखि बिपी राजमार्गसम्मको एक किलोमिटर दूरीभित्र पाखामा रहेको वनक्षेत्रबाटै पाँचभन्दा बढी ठाउँबाट बाटो बनेका छन् । "पोहोरको बर्खामा खहरेले घरका आँगनआँगन र कोठाचोटासम्म गेग्र्यान थुपारेको बिर्सिएछन् क्या र !" सडक बनाईंदै गरेका ठाउँमा खहरेभेलको चिन्ताले पिरोलिएकी एक ७० वर्षीया वृद्धाले भन्नुभयो, "लु न बाबु यिनलाई जथाभावी वन मासेर सडक खन्न नहुने कुरा सम्झाइदिनुपर्‍यो ।"

बर्दिवासको मुख्य बजारक्षेत्र रातु नदीको पुलदेखि भब्सी नदी पुलसम्मको करिब तीन किलोमीटर क्षेत्रभित्रको उत्तरतर्फको पाखामा अहिले नेवारडाँडा कामीडाँडा, चिहानडाँडा र रातमाटासमेत तीन सामुदायिक वनक्षेत्र छन् । यीमध्ये ५८ हेक्टर क्षेत्रफलको नेवारडाँडा कामीडाँडा वन क्षेत्रमा सडक बनाउने विकासे योजनाको नाममा ठूलाठूला यन्त्र लगाएर सघन वन क्षेत्र फाँडिएको छ । यो वन क्षेत्रको दाहाल्नी खोल्सी छेउबाटै बर्दिवास-३ को गौरीडाँडास्थित वनकै अतिक्रमित क्षेत्र पस्न प्रदेश सरकारले वनपाखा खसालेर सडक बनाउन रु ५५ लाख विनियोजन गरेर काम थालेको हो । यसअघि गत वर्ष पनि प्रदेशसभा-२ सदस्य शारदा थापाको सिफारिसमा यो सडक बनाउने योजनामा करिब रु सात लाख खर्च गरेर वन क्षेत्रका रुख ढालिएको थियो ।

"वनक्षेत्रबाट भत्रेका खोल्सी साँघुर्‍याएर संरचनाहरू निर्माण गरिँदा प्रत्येक वर्षजसो बर्खेभेल घरघर पस्ने गरेको छ", बर्दिवास-१ का सामाजिक कार्यकर्ता शङ्कर पुँयाल भन्नुहुन्छ, "अब त विकासका नाउँमा ठूलाठूला यन्त्र लगाएर वनपाखा भत्काइएको छ, आउँदा दिन अझ कति भयावह हुनेहुन् ?" वन क्षेत्र छिचोलेर पाखाभित्ता भत्काउँदै सडक संरचना बनाइँदा पनि वनसम्बद्ध कार्यालय, स्थानीय प्रशासनको मौनता भने टिठलाग्दो देखिएको पुँयालको थप गुनासो छ ।

वन क्षेत्रमा अत्यावश्यक कुनै विकास संरचना बनाउँदा त्यसको वातावरणीय प्रभावबारे अध्ययन, सम्बन्धित विज्ञको ठहर र वनसम्बद्ध कार्यालय एवं स्थानीय तहबीच आवश्यक समन्वय गरिनुपर्नेमा यहाँ 'मुडे बल' प्रयोग भएको आम टिप्पणी छ । बर्दिवास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले वन क्षेत्र चिर्दै बनाइँदै गरिएको सो सडकबारे आफूसँग कुनै समन्वय नभएको बताउनुभएको छ । यसैगरी डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख हेमन्तप्रसाद साहले वन क्षेत्र चिरेर बनाइने संरचनाका लागि आफूले कुनै सहमति दिन नसक्ने र यसबारे आफ्ना उपल्लो तहमा जानकारी गराउने सञ्चारकर्मीलाई बताउनुभएको छ । "मैले वनपाखा भत्रेर सडक बनाइन थालेपछि सडक निर्माण उपभोक्ता समितिका अध्यक्षलाई लिखितपत्र नै दिएर काम रोक्न आग्रह गरैं", डिभिजन प्रमुख साहले भन्नुभयो, "तर प्रदेशसभा सदस्यले सिफारिस गर्नुभएको सो काम रोकिएन, यसबारे आवश्यक कारवाहीका लागि उपल्लो तहमा समन्वय गर्दैछु ।" वन क्षेत्रमा विकासकै काम गरिँदा पनि आफूहरूसँग हुनपर्ने समन्वय कसैले नगरिदिएको साहको थप गुनासो छ ।

बर्दिवास-३ गौरीडाँडाको सोह्रबिघा भनिने वन अतिक्रमण क्षेत्रमा पहुँचवाला ठूलाठालुले जग्गा साँध सीमा लगाएर कज्याएका हुँदा सो प्लटको भोगचलन सजिलो बनाउन वन फाँड्दै सडक योजना बनेको यहाँका सर्वसाधारण बताउँछन् । नेवारडाँडा कामीडाँडा सामुदायिक वनको सोह्रबिघा भनिने पाँच नम्बर प्लटभित्र करिब पाँच हेक्टर क्षेत्रफल अतित्रमण गरी १०० भन्दा बढीले साँधसीमा गरेको डिभिजन वन कार्यालय महोत्तरीले गत चैतमा गरेको नापीमा देखिएको यसअघि नै डिभिजन प्रमुख साहले बताइसक्नुभएको छ ।

> वन क्षेत्रमा अत्यावश्यक कुनै विकास संरचना बनाउँदा त्यसको वातावरणीय प्रभावबारे अध्ययन, सम्बन्धित विज्ञको ठहर र वनसम्बद्ध कार्यालय एवं स्थानीय तहबीच आवश्यक समन्वय गरिनुपर्नेमा यहाँ 'मुडे बल' प्रयोग भएको आम टिप्पणी छ । बर्दिवास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले वन क्षेत्र चिर्दै बनाइँदै गरिएको सो सडकबारे आफूसँग कुनै समन्वय नभएको बताउनुभएको छ ।

यता प्रदेशसभा सदस्य थापा भने बर्दिवास-१ र ३ बीच आवागमन सहज बनाउन स्थानीयवासीकै मागअनुसार सडक योजनामा आफूले रकम विनियोजनका लागि सिफारिस गरेको बताउनुहुन्छ । पहिलेदेखि नै सडक आकार रहेको ठाउँमा आफूले सिफारिस गरेको सडक योजनाले वन क्षेत्रका रुख नढालेको थापाको भनाइ छ । यद्यपि वनसम्बद्ध कार्यालयसँग निरन्तर समन्वय भने हुन नसकेको थापाको स्वीकारोक्ति छ ।

बर्दिवासमा वन अतिक्रमण क्षेत्रको जग्गा कज्याउनेहरूले भोगचलन सहज बनाउन र अतिक्रमित क्षेत्रमा घर संरचना बनाउने काम सुगम बनाउन वन फाँडेर सडक बनाएको आरोप बढेपछि प्रदेशसभा-२ को प्राकृतिक स्रोत साधन समितिका सभापति रामचन्द्र मण्डलसहित विज्ञ टोलीले स्थलगत अनुगमन गरेको छ । रासस

## मनसुन सक्रिय

काठमाण्डु । केही दिनअघि देशको पूर्वी भू-भाग हुँदै प्रवेश गरेको मनसुन देशभर सक्रिय भएको छ ।

मौसम पूर्वानुमान महाशाखाले मनसुन सक्रिय भएसँगै केही दिन वर्षाको सम्भावना रहेकाले बाढी पहिरोबाट जोगिन आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । यस वर्ष जुन १२ (जेठ ३०) गते नेपालको पूर्वी भू-भाग हुँदै मनसुन भित्रिएको थियो ।

महाशाखाले आगामी २४ घण्टा देशको धेरै जसो स्थानहरूमा हल्कादेखि मध्यम वर्षाका साथै प्रदेश १, २, ५, वाग्मती, गण्डकीका केही स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको औंल्याएको छ ।

ती क्षेत्रहरूमा नदीमा पानीको बहाव बढ्ने, पहिरो जाने, सडक तथा हवाई यातायातसमेत प्रभावित हुने सम्भावना रहेकाले सतर्कता अपनाउन सबैमा अनुरोध गरिएको छ । मौसमविद् विभूति पोखरेलका अनुसार सुदूरपश्चिम प्रदेशका केही स्थानमा पश्चिमी वायुको प्रभाव र अन्य भू-भागमा मनसुनी वायुको असर रहेको छ । हाल देशभर आंशिकदेखि सामान्य बदली रही गण्डकी प्रदेश, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १९ दशमलब पाँच डिग्री र अधिकतम तापक्रम २५ दशमलव सात डिग्री सेल्सियस रहेको छ ।रासस

# पतारीमा सडक निमार्ण कार्यलाई तिब्रता

**टुडे समाचारदाता**

लहान । सिरहाको दक्षिण सिमावर्ती क्षेत्रमा पर्ने लक्ष्मीपुर पतारी गाउँ पालिकाका युवाहरु अतिबेला धमाधम विकास निमार्ण कार्यमा जुटेका छन् । सिरहाको लक्ष्मीपुर पतारी गाउँ पालिका ४ लक्ष्मीपुर पतारीका स्थानिय युवाहरु अहिले गाउँ पालिकाले सडक निर्माण निर्माण कार्यको लागि विनियोजन गरेको रकमलाई सडक निर्माण कार्यलाई पहिलो प्राथमिकता दिदे सडक निमार्ण कार्यलाई तिब्रता दिएको निर्माण समितिका अध्यक्ष समेत रहेका बेजनाथ मण्डलले जानकारी दिए ।

२ सय १७ मिटर लम्बाई र १२ फिट चौडाई तथा ६ इन्च पिसिसि सडक निर्माण तथा ढलानका लागी गाउँ पालिकाले रु.१३ लाख रकम छुटयाएको गाँउ पालिका अध्यक्ष राम बल्लभ साहलाई उदृत गर्दै समितिका सदस्य रञ्जीत कुमार सिहंले जानकारी दिए । उनले भनेअसार १५ गतेसम्ममा सम्मपूर्ण सडक निर्माण कार्य सम्मपन गरि सक्नु पर्ने सडक निर्माण उपभोता समितिले लक्ष्य लिएको छ । युवा सडक निर्माण उपभोता समितिमा ९ सदस्य कार्य समिति समेत चयन गरेको छ । कार्य समितिको अध्यक्षमा बेजनाथ मण्डल, कोषअध्यक्षमा गिता देवी साह र सचिवमा विष्णुदेव मण्डल रहेका छन् ।

सदस्यहरुमा प्रित नारायण साह, रञ्जित कुमार सिंह, रोविन मण्डल लगायतका रहेकका छन् ।

# निजी विद्यालयले शुल्क लिन थाले

काठमााण्डु । निजी विद्यालय सञ्चालकका संस्थाले अभिभावकलाई सामाजिक दूरी राखी विद्यार्थीको अभिलेखीकरण गराई बक्यौता शुल्क बुझाउन आग्रह गरेका छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) का अध्यक्ष टीकाराम पुरी र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एन प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटाद्वारा आज संयुक्तरुपमा विज्ञप्ति जारी गरी सो आग्रह गरिएको हो । ती संस्थाले बन्दाबन्दीमा अनलाइनबाट कक्षा सञ्चालन हुन थालेकाले निःशुल्क वा अत्यन्त न्यून शुल्कमा सिकाइलाई निरन्तरता दिइएको तर शुल्क नलिँदा आफूहरुलाई कठिनाइ परेको जनाएका छन् । रासस


## बढुवा समितिको सचिवालय

## जिल्ला प्रशासन कार्यालय, धनुषाको सूचना

लोकसेवा आयोगको देहायको बढुवा विज्ञापन नं., सेवा, समूह, श्रेणीको रिक्त पदहरूमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन द्वारा बढुवा समितिको मिति २०७७/०३/०५ गते बसेको बैठकको निर्णय अनुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २०(४) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बढुवा सूचना नं. ६२४/०७६/०७७**
**न्याय सेवा, न्याय समूह रा.प.अनं. द्वितीय श्रेणी**
**पद: डिट्ठा/तामेलदार माग संख्या-१ (एक)**

| योग्यता क्रम नं. | कर्मचारीको संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १६११८ | शिव शंकर झा |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# रोटीबेटीको सम्बन्ध नबिगार

नेपाल र भारतबीच त्रेतायुगकालिन रोटीबेटीको सम्बन्ध रहेकोछ ।दुई देशबीच भौगोलिक र राजनीतिक सीमा फरक रहेकोछ ।तर धार्मिक, सांस्कृतिक, भाषिक, समाजिक, भेषभुषा, रहनसहनमा समानताछ।दुई देशबीच खुल्ला सीमाले प्रगाढ सम्बन्धको परिचय दिन्छ ।दुई देशबीच बेलाबेला राजनीतिक सम्बन्धमा तित्तता आउने गरेकोछ ।तर त्यो तित्ततालाई अन्य सम्बन्धहरुले लामो समय टिक्न दिदैन् ।नेपाल र भारतबीचको सम्बन्ध जस्तो संसारमा अन्य देशहरुमा कहिँ छैन् ।तर पेरी त्यो सम्बन्धमा शासकहरुले ग्रहण लगाउने दुष्प्रयास गरिरहेकाछन् ।नेपालको भुगोल सदैव सुरक्षित रहनुपर्छ ।दुवै तर्फ ठूला र शक्तिशाली राष्ट्र भएपनि नेपालको सीमामा कतैबाट अतिक्रमण गर्न पाउँदैन् ।त्यस्तो अतिक्रमण नेपालले कदापी स्वीकार गर्नेछैन् ।तर अन्य विषयमा नेपालका शासक अथवा भारतका शासकले हस्तक्षेप गर्नु हुँदैन् ।नेपालको १६ सय किलोमिटर लामो दक्षिणी क्षेत्रका बासिन्दाहरुको भारतसित धेरै प्रकारको सम्बन्धछ ।नेपालीहरुले भारतीय चेलीलाई बुहारीको रुपमा भित्र्याउने गर्छन् ।भारतबाट आउने तुलनामा नेपालबाट कमै मात्र चेली भारतमा बुहारीको रुपमा जाने गरेका छन् ।नेपालको उद्योग व्यवसायमा अग्रणी भूमिकामा रहेका मारवाडी समुदायका अधिकांश बुहारी भारतीय छन् ।नेपाली मारवाडी समुदायमा चेलीको कमीछ ।छोराको तुलनामा छोरीको संख्या अत्यन्त कम रहेकाले स्वजातिय बिहाका लागि भारतमा गर्नुको बिकल्प छैन् ।त्यस्तै अन्य कयौं नेपाली जातीहरुमा यस्ता समस्या छन् ।भारतबाट चेली नल्याए नेपालमा स्वजातिय बिहा गर्न कयौं नेपाली जातिलाई समस्या पर्नेछ ।नेपाल र भारतका बासिन्दाबीच सीमावर्ती क्षेत्रमा मात्र नभै भारतको विभिन्न राज्यमा रहेका नेपाली भाषीहरुसितपनि बिहाबारीको सम्बन्धछ ।तर सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)ले संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधिन रहेको नागरिकता सम्बन्धी विधेयकमा विदेशी बुहारी सात वर्ष सम्म निरन्तर नेपालमा बसोबास गरेमात्र अंगीकृत नागरिकता प्रदान गरिने उल्लेखछ ।सात वर्ष सम्म अनागरिकको रुपमा रहँदा महिलाको पति कुनै कारणवस मृत्यु भए, सम्बन्ध विच्छेद भए महिलाको भविष्य के होला ? भने प्रश्नको उत्तर विधेयकले दिएको छैन् ।हाल नागरिकता सम्बन्धी देशमा रहेको कानुनलाई नै नयाँ विधेयकमा पनि निरन्तरता दिनुपर्ने समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)को मागछ ।नेपाली काँग्रेसलेपनि समाजवादी र राजपाको मागलाई समर्थन जनाएकोछ ।तर शनिवार बसेको नेकपा सचिवालयको बैठकले विधेयकमा राखिएको ७ वर्षको प्रावधानलाई नै राखेर बहुमतबाट निर्णयगरि संसदमा पेश गर्न सहमति जनाएकोछ ।नेकपाले गरेको निर्णयको तराई मधेशमा व्यापक आलोचना भइरहेको छ ।नेकपाका प्रभावशाली नेता मातृका यादव र प्रभु साहलेपनि सचिवालय निर्णयको बिरोध गरेकाछन् ।नेकपाको यो निर्णयले नेपाल र भारतबीच रहेको बेटी रोटीको सम्बन्ध कमजोर हुनेछ ।सरकारले दुई देशबीचको सम्बन्धलाई सुदृढ बनाउनु पर्नेहो ।तर सम्बन्धलाई कमजोर गर्ने काम गरिरहेकोछ ।रोटी बेटीको सम्बन्धलाई नबिगारौ ।

# लोकतन्त्रमा भाषाको सवाल



श्रीमन नारायण

लोकतन्त्रमा सवैले आ-आफनो भाषा, संस्कृतिको संरक्षण र सम्वर्द्धनको अवसर पाउनु पर्दछ । राजकीय सहयोग र संरक्षण विना कुनै पनि भाषा एवं संस्कृतिको विकास सम्भव हुन सक्दैन । एक राष्ट्र एक भाषा नीति अन्तर्गत नेपाली भाषा मात्रको प्रयोग प्रशासन, शिक्षा, सन्चार आदि महत्वपूर्ण क्षेत्रमा रहेकोले गैर नेपाली भाषा भाषी रहेका पहाडका २० लाख जनजातिले पनि आ-आफना मातृभाषालाई विर्सि नेपाली भाषालाई आत्मसात गर्न पुगे । पहाडका धेरै भाषाहरु लोपेन्मुख छन । माओवादीको एक दशक लामो सशस्त्र संघर्षको परिणामस्वरुप देशमा अन्य भाषा भाषीहरुले पनि आफ्नो भाषा र संस्कृतिको विकास एवं संरक्षण हुन सक्नेमा आगावादी देखिन्छन । तर यदाकदा भाषा संस्कृतिको सवाललाई लिएर उत्पन्न हुने गरेको विरोध एवं अवरोधका कारण हाम्रो भाषानीति रचनात्मक सावित हुन सकेको छैन कि? भन्ने प्रश्न पनि उढने गर्दछ। देशको सङ्घीय संसदमा हिन्दी भाषाको प्रयोग माथि बन्देज लगाईनु पर्ने स्वर उठनुलाई लोकतन्त्रको हितमा मान्न सकिदैन । विस्तृत आकाशको इच्छा राख्नेले सिंगो आकाश हाम्रो हो, ताराा र नक्षत्रहरु नउदाऊ भन्न सुहाउँदैन । आकाश चाहिन्छ भन्ने तारा र नक्षत्रहितको आकाशलाई स्वीकार गर्ने विशाल एवं उदार हृदय (मुटु) बनाउनु पर्दछ । नेपाल जस्तो बहुजातिय बहुभाषिक एवं विवध संस्कृति र परम्परा बोकेको मुलुकमा भाषानीति एकाँगी र सङ्किर्ण हुन सक्दैन ।

प्राचीनकालमा नेपालमा भाषालाई लिएर कुनै समस्या वा विवाद थिएन । संस्कृतलाई नै सबै भाषाको स्रोत मानिन्थ्यो । मध्यकालमा नेवारीसङ्गै मैथिली भाषाले राजदरबारमा स्थान पाउन सफल रहयो । उपत्यका बाहिरका साना-साना राज्यहरुमा मैथिली, अवधि, भोजपुरी र हिन्दी दरबारको भाषा रुपमा मान्य थियो । राजधानी काठमाण्डो लगायत पूरै नेपालको निम्ति पनि हिन्दी भाषा राष्ट्रभाषा नेपाली पछिको दोस्रो सम्पर्क भाषाको रुपमा स्वीकार्य रही आएको छ । नेपालमा पनि गीत, सङ्गीत अध्ययन-अध्यापन मनोरंजन, भजन, किर्तन, धार्मिक पुस्तहरु, कर्मकाण्डीय मान्यता, सिनेमा आदिका कारण कुनै न कुनै रुपमा हिन्दी भाषाको उपभोग दैनिक रुपमा न भईरहेको एउटा पनि परिवार भेटाउन गाहो नै होला । नेपाली हाम्रो राष्ट्रभाषा हो । यसको उपयोगिता स्वीकार्यता र महत्व सर्वविदित र प्रमाणित नै छ ।

दक्षिणी छिमेकी भारतको संविधानको अनुसूचि ८ मा नेपाली र मैथिली भाषालाई त्यहाँको सरकारी भाषाको रुपमा मान्यता दिईएको छ । यो हामीहरुको निम्ति गर्वको कुरा हो तर नेपालमा हिन्दी भाषाको प्रयोग गरिदा त्यसमा प्रश्न उढाउनु हाम्रो संकुचनलाई संकेत गर्ने गर्दछ । उदार भाष नीतिले राष्ट्रिय एकतामा बल पुऱ्याउन गर्दछ ।

नेपालमा वि.सं.२००७ सालको राजनीतिक परिवर्तन पछि भाषा विवाद बढी चर्केको हो । वि.स. २०११ साल तिर राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । त्यसले बुझाएको प्रतिवेदनमा विद्यालय स्तरीय शिक्षा नेपालीमा मात्र दिलाइने सिफारिस गरिएको थियो । त्यतिवेला सम्म नेपालमा हिन्दी भाषामा नै बढी पठनपाठन हुने गर्दथ्यो । प्रधानमन्त्री डा.केआई.सिंहको सरकारले त्यस सुझावको कार्यान्वियन पनि गऱ्यो । यसको विरोधमा तराई काँग्रेसका वेदानन्दका तथा राम जन्म तिवारी र हिन्दी रक्षा समिति द्धारा यसको चर्को विरोध गरियो । नेपाली काँग्रेसका तत्कालिन वरिष्ठ नेताहरु राम नारायण मिश्र, महेन्द्र नारायण निधि, देवनाथ दास यादव, सूर्यनाथ दास यादव तथा दानालाल चौधरी, केवल चौधरी, काशी प्रसाद श्रीवास्तव, नेपालगंजका उद्योगपति टण्डन आदि नेताहरुले सम्पूर्ण तराईमा यस आन्दोलनलाई तीव पारेका थिए । फलस्वरुप तत्कालिन राजा महेन्द्रको निर्देशनमा प्रधानमन्त्री के आई. सिंहले हिन्दी विरोधको आफ्नो निर्णय फिर्ता लिए। हिन्दी भाषाको पक्षमा देखिएको यस समर्थनलाई कमजोर पार्न राष्ट्रिय जनगणनामा हिन्दीको सट्टा मैथिली, भोजपुरी र अवधि आदि भाषा उल्लेख गर्ने काम भयो । तराई आन्दोलन भन्दा अघिको जनगणनामा हिन्दी भाषा बोल्नेहरुको संख्या नेपाली पछिको द्रोस्रो थियो तर तराई आन्दोलन पछिको जनगणनामा हिन्दीलाई न्यून स्थानमा पुऱ्याईको । तराई काँग्रेसका वेदानन्द झा र काशी प्रसाद श्रीवास्तवले यसको चर्को विरोध गरे पछि विवाद मिलाउने नाममा संशोधन मण्डलको गठन गरियो जसमा हिन्दी विरोधीहरु बढी संख्यामा थिए । वि.सं.२०१५ सालको आम निर्वाचनका कारण यो प्रतिवेदन चर्चामा आएन । वि.सं.२०१५ सालको आम निर्वाचन पश्चात बनेको नेपाली काँग्रेसको सरकार हिन्दी भाषा प्रति उदार थियो र स्व.बी.पी.काईरालाको मन्त्री मण्दलले हिन्दी भाषालाई नेपालको दोस्रो भाषा घोषित गर्ने सम्पूर्ण तयारी पनि गरि सकेको थियो तर राजा महेन्द्रको प्रजातन्त्रविरोधी कदमका कारण यो विषय पनि ओझेलमा पर्दै गयो । पयायती व्यवस्थाको ३० वर्षमा एउटै भाषा एउटै भेष को नारालाई कठोपूर्वक कार्यान्वियनमा ल्याईयो । वि.सं.२०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि हिन्दी माध्यमको शिक्षालाई निरुत्सहत पारियो । कक्षा ९ र १० मा हिन्दीलाई वैकल्पिक विषय राखिए पनि हिन्दीका शिक्षक उपलब्ध्य गराईएन । परिणामतः हिन्दी उपेक्षित हुदे गयो । पंचायती व्यवस्थाको उत्कर्षमा मारिचमान सिंहको सरकारले बढुवाका लागि हिन्दी मैथिली र नेवारीमा स्नात्तकोत्तर उपाधीको मान्यता नै समाप्त गऱ्यो । लोकसेवा आयोगले अन्य भाषाको मान्यता समाप्त गऱ्यो भने साझा प्रकाशन अङ्ग्रेजी र नेपाली बाहेकको भाषा र संस्कृतिलाई समाप्त गर्ने हर सम्भव प्रयास गऱ्यो ।

देशमा २००७ सालको अन्तरिमा संविधान देखि २०७२ सालको नयाँ संविधान एवं करिव तीन वर्ष अघि दर्ता भएको भाषा सहितको संशोधन विधेयकसम्म गैर नेपाली भाषा भाषी समुदायहरुको भाषिक अधिकारलाई शब्दजालमा सिमित राखी सही अर्थमा यिनीहरुको भाषिक अधिकारको सुनिश्चितता भन्ने हुन सकेन । छ दशक पूर्व पनि हाम्रो देशमा हिन्दी र नेपाली नेपाल भाषाको मान्यताको लागि संघर्ष भएको थियो ।

१८ जेठ २०५६ सालमा सर्वोच्य अदालत द्धारा काठमाण्डौ महानगरपालिकाले नेपाली अतिरिक्त नेवारी एवं राजविराज नगरापलिका तथा धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई आ-आफ्नो कार्यालयमा प्रयोग गर्ने निर्णय विरुद्ध दिएको फैसलाले भाषा अभियन्ताहरुलाई निरत्साहित बनाउने काम गऱ्यो । भाषिक विभेदका मुद्धालालई आफ्नो दलको कार्य सूचिमा उच्च प्राथमिकता दिने काम नेकपा माओवादीले गरेको थियो । माओवादीका कारण गरेर गोरखाका पत्रको नयाँ नेपाल पृष्ठमा दिनहु मातृभाषाहरुमा समाचार विचार र रचना पढन पाईन्छ । निरंकूश राजतन्त्र विरुद्ध सात दल समिलित २०५९ को आन्दोलनको १८ सुत्रीय बूदा मध्ये भाषिक विभेद अन्तय गर्ने समेत एउटा कार्य सूचि थियो । तर जनआन्दोलन २ को सफलता पश्चात पनि यस माथि अमल भएन । नेपालका प्रायः सबै जसो संविधानहरुमा राष्ट्रभाषा नेपाली लाई सरकारी कामकाजको भषाको रुपमा मान्यता दिईएको छ । मातृभाषालाई राष्ट्रिय भाषा पनि भनिएको छ तर विभिन्न बहानामा यसलाई निरुत्सहित गर्ने काम मात्रै भएको छ । नेपालमा गजेन्द्र बाबुको निधन पश्चात मधेशी दलहरुले पनि हिन्दी भाषालाई तिलान्जिल दिई सकेका छन् ।केवल तराईमा भोट माग्ने बेलामा हिन्दी भाषा बोलिन्छ ।

नयाँ संविधान २०७२ को धारा ६ र७ मा नेपाली भाषाको पक्षमा एक भाषानीतिलाई केन्द्रमा राखी देशका अन्यभाषाहरुलाई उपेक्षा गरिएको छ । धारा ६ मा नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषा मानिएको छ । जनगण्ना २०६८ अनुसार अंग्रेजी चिनिया स्पेनिश फ्रेन्च, रयिमन आदि भाषालाई पनि नेपालीहरु द्धारा बोलिने मैथिती नेवारी भोजपुरी हिन्दी अवधि भाषाकै यास नै पंक्तिमा उभ्याईएको छ ।

संविधानको धारा ७ (२) मा नेपालीको अतिरिक्त प्रदेशले आफनो प्रदेश भित्रका बहुसंख्यक जनताले बोल्ने एक वा एक भन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेशको सरकारी कामकाणको भाषा निर्धारण गर्ने व्यवस्था उल्लेखछ तर यो कार्यान्वयनमा आउन सकेन । सरकारी कामकाजको भाषा सम्बन्धि निर्णय राजनीतिक स्वभाबको भएकाले यसको सम्पूर्ण अधिकार सम्बन्धित व्यवस्थापिकमा निहित हुनु पर्दछ ।

हिन्दी भाषा नेपालीहरुको निम्ति विदेशी भाषा होईन । हिन्दी भाषा कुनै पनि नेपालीलाई सिक्नु पर्दैन । भारतका विभिन्न शहररुमा लाखौंको संख्यामा नेपालीहरु कार्यरत हुन । यस बाहेक खाडीका राष्ट्रहरु तथा मलेशियामा पनि हिन्दी भाषा केही हदसम्यम्म सहयोगी सावित हुन सम्ने भएकाले हामीले हिन्दी भषालाई सम्पर्क भाषाको रुपमा मान्यता दिंदा यसमा अन्नर्थ केही पनि हुने होईन । संख्याको आधारमा कुरा गर्ने हो भने मैथिली भोजपुरी र अवधि भाषा बोल्नेहरुको संख्या पनि नेपालको भन्दा बढी भारतमा नै छ । तुलसी दास देखि लिएर विधापति तथा भिखारी ठाकुरहरु पनि भारत के भूमिमा जन्मेका थिए । भाषा, साहित्य, कला, ज्ञान र विज्ञानलाई कुनै एक देशको भौगोलिक सीमा भित्र सिमित राख्न सकिदैन । अंग्रेजी, अरबी, फारसी, फेन्च, रसियन आदि भाषाहरु कुनै एक देशमै सिमित रहेको छैन । हिन्दी भाषलाई निस्तेज गर्ने नाममा हामीले हाम्रो जननी भाषा संस्कृतलाई पनि लोपोन्मुख बनाई दिएका छौ । जवकि संस्कृत भाषा हाम्रो सभ्यता संस्कृति र अस्तित्वको पहिचान हो । यो अबुभव सिद्ध कुरा हो कि भाषानीति रचनात्मक पनि सावित छन सक्दछ र घातक पनि । पाकिस्तान, श्रीलैंका, र भुटानमा यो सफल साविक भएन तर बहुभाषी नीति अपनाएका राष्ट्रहरुले ठूलो प्रगाति गरेका छन । लोकतन्त्रमा उदारता, सहिष्णुता प्रतिस्र्धा र सदभाव आवश्यक मानिन्छ । हाम्रो भाषा नीतिमा उदारताको खाँचो छ ।

Email :- an_shriman@yahoo.com

> *नेपाली भाषा मात्रको प्रयोग प्रशासन, शिक्षा, सन्चार आदि महत्वपूर्ण क्षेत्रमा रहेकोले गैर नेपाली भाषा भाषी रहेका पहाडका २० लाख जनजातिले पनि आ-आफना मातृभाषालाई विर्सि नेपाली भाषालाई आत्मसात गर्न पुगे । पहाडका धेरै भाषाहरु लोपेन्मुख छन। माओवादीको एक दशक लामो सशस्त्र संघर्षको परिणामस्वरुप देशमा अन्य भाषा भाषीहरुले पनि आफनो भाषा र संस्कृतिको विकास एवं संरक्षण हुन सक्नेमा आगावादी देखिन्छन । तर यदाकदा भाषा संस्कृतिको सवाललाई लिएर उत्पन्न हुने गरेको विरोध एवं अवरोधका कारण हाम्रो भाषानीति रचनात्मक सावित हुन सकेको छैन कि? भन्ने प्रश्न पनि उढने गर्दछ । देशको सङ्घीय संसदमा हिन्दी भाषाको प्रयोग माथि बन्देज लगाईनु पर्ने स्वर उठनुलाई लोकतन्त्रको हितमा मान्न सकिदैन। विस्तृत आकाशको इच्छा राख्नेले सिंगो आकाश हाम्रो हो, ताराा र नक्षत्रहरु नउदाऊ भन्न सुहाउँदैन । आकाश चाहिन्छ भन्ने तारा र नक्षत्रहितको आकाशलाई स्वीकार गर्ने विशाल एवं उदार हृदय (मुटु) बनाउनु पर्दछ । नेपाल जस्तो बहुजातिय बहुभाषिक एवं विवध संस्कृति र परम्परा बोकेको मुलुकमा भाषानीति एकाँगी र सक्तिर्ण हुन सक्दैन।*

# 'कर' छलि-दाबि र संकलन मै अल्झेको अर्थमन्त्रालय



दिपेश कर्ण
लेक्चरर : नेशनल एकेडेमी क्याम्पस,वीरगंज

कर देशको अधिकार हो,बिकासको मेरुदण्ड हो,अर्थमन्त्रालयको ढुकुटी हो जहाँ एक एक पैसा आमनागरिकको गोजी छामि संग्रह गरिएको हुन्छ। अर्थमन्त्रालय देशको त्यो अभिभावकीय स्वरुप हो जसको काँधमा सर्वाँगिन राष्ट्र टिकेको हुन्छ चाहे त्यो भौतिक पूर्वाधार बिकास,औद्योगिक क्रान्ति,अनुसन्धान-विज्ञान होस् वा सार्वभौमसत्तामाथि अतिक्रमणको टडकारो जवाफ दिन तैनात रक्षा मन्त्रालय नै होस्। कमाइको एक निश्चित हिस्सा इमान्दारीपूर्वक सरकारलाई दिइनुपर्ने भनी करको अवधारणा आज अनिवार्य भुक्तान गर्नैपर्ने दृष्टिकोणसम्म आइपुगेको छ। सरकारले कर संकलन गर्छन् तर वास्तविक गतिविधि यहीँबाट प्रारम्भ हुन्छ, कति संकलन गर्ने,कसरी गर्ने भुक्तानकर्ताको आर्थिक सामर्थ्य भुक्तानको दायराभित्र पर्छन् कि नाई र सबभन्दा महत्वपूर्ण कहाँ विनियोजन गर्ने र कति निकाषा गर्ने इत्यादि।

वितग केही दिनदेखि यस वैश्विक महामारी कोभिड-१९ को अवस्थामा पनि करसंकलन तर्फनै अर्थमन्त्रालय अभ्यासरत रहेको कुरा जनमानसमा असहय हुनगएको र भयावह हल्लाको परिस्थिति पनि देखियो। वर्तमान् संघीय अर्थमन्त्री डा.युवराज खतिबडाले प्रक्षेपण गर्नुभएका लगातार ३ बजेट देखें,पढें मैले जसमा विगत दुइ त ग्राउण्ड जिरोमा भगवान भरोसे नतिजामुखी अर्थतन्त्रीय सुधार देखायो भने ताजा आ.व.२०७७।७८ को बजेट पनि हावाताले तवरले निकालिएको र कालखण्डलाई हेला गर्दै औपचारिकतालाई औंल्याएको मात्र देखिन्छ।

**सिंगो भारतबाट नेपाल आयातित मालवस्तुको विवरण**

त्यस्तै भंसार विभागले असुल गर्ने कर तथा शुल्कको दायराभित्र पर्ने विभिन्नखाले मालवस्तुहरुमा जीवित जनावर, खाद्य मासु, माछा र अन्य, दुध उत्पादहरु, चराका अण्डा, प्राकृतिक मह, जनावरबाट उत्पादन हुने विभिन्न वस्तुहरु, फूल, विरुवा, चिया-कफी, फल, सुख्खा फल, खाद्य तरकारी, अन्न-विज, गम, रेसिन, चिनी, कोका, सुर्ती, नुन, सल्फर, मलखाद, प्लाटिक, रबर इत्यादि रहेका छन्। भुपरिवेष्ठित राष्ट्र हो कर न उठाए कसरी देश चल्ने धारणा पनि सही नै हो तर के अर्थमन्त्रालयको कार्यक्षेत्र यत्ति मात्रै हो त ? खर्च व्यवस्थापन,दीर्घकालिन मुनाफा दिने योजनाहरुमा लगानी र स्वदेशी उत्पादनमा अब पनि कहिले साच्ने छौं त हामी ? ॠण काढी घ्यू खाने भनी मानसिकताले कहिल्यै आत्मनिर्भर र स्वाबलम्बन बन्न सकिदैन र नीयत तथा स्वाबलम्बनबिनाको राष्ट्रियता नारामा मात्र रोचक हेरिन्छ।

भान्साको नुनदेखि हवाइजहाजको इन्धनसम्म आयातगर्ने देशको लगातार तीन आर्थिक वर्षमा चालु खर्चमै संघीय वजेटको दुइतिहाइ हाराहारीको बजेट सखाप हुने शैलीको शाषणमा कुल ग्रहस्त उत्पादन जस्ता शब्द अर्थशास्त्रलाई श्रृंगार्ने शब्दावलीमै सीमित रहनेहो कि ? अन्य शक्तिशाली राष्ट्रको तुलनामा नेपालको सेनामा केही खास खर्च छैन,अहिले पनि सडकको अभावमा दिनौं पैदल हिँडि गन्तव्य पुग्ने बाध्यताका केयौं जिल्ला छन्,सामुदायिक विद्यालयहरुको अवस्था हाजिरी बनाउने घर ताक्ने शैलीमै छन्,सरकारी अस्पतालमा रुघा जचाउँन जाने कुव्यवस्थाले संक्रमित भई टाइफोइड लिइफर्कने अवस्थाको हेरिन्छ,खुला सिमानाले एकातिर देशको सुरक्षा धरापमा रहेको हुन्छ भने अर्कोतिर १३ %मु.अ.कर र वस्तुपिच्छे मोटो आयात शुल्कतिरी वस्तु आयातगरी व्यवसाय गरिरहेका साना तथा मध्यमवर्गीय व्यवसायीहरुको कारोबार संकटमा पर्दैगएको छ। हामीले पर्यटन वर्ष २०२० घोषणा ग-यौं तर राष्ट्रको उपेक्षाले कुण्ठित मनमय धार्मिक, साँस्कृतिक र प्राकृतिक महत्व र सौन्दर्यका स्थानको सम्भार र क्षेत्रबिकास दशकौंदेखि जस्ताको तेस्तै छन् अनि यत्तिका चालु खर्च केमा र किन ?

नेपालजस्ता जीडीपी भएको मुलुकका लागि बैदेशिक ॠणको उपयोग मुलुकको दीर्घकालीन आयस्रोत सृजकमा खर्चहुनु पर्ने हो तर ६४% चालुखर्च नै गर्ने शैलीले स्वदेशी व्यापार जर्जर र उत्पादन न्यून भएको नेपालमा भए भरको दबाब व्यापारी र उद्योगीको टाउकामा करको भारले दिइन्छ। पदाधिकारीको पारिश्रमिक, भत्ता र सुविधा, सवारी साधन मर्मत, अनुगमन मुल्यांकन र भ्रमण खर्च, कर्मचारी भत्ता, तालिम तथा गोष्ठि, परामर्श तथा अन्य सेवाशुल्क, सामाजिक सुरक्षा, सुविधा, भवननिर्माण जस्ता अनेकौं शिर्षकमा सरकारी कर्मचारी, सरकारी संयन्त्र र सांसदको जीवन आरामदायक बनाउने हतारमा फेरी पनि अर्थमन्त्रालयको आँखा स्वदेशी उत्पादन र साना तथा मध्यम व्यवसायीहरुतिर फेरिदैन। देशको आयातमुखि व्यवसायमा खर्चिने वैदेशक मुद्राको एउटा मोटो अंश नेपाली कामदारले परिवार र देशबाट टाढा दिनका १२ घण्टा कडा परिश्रम गरि आर्जन गरेको विप्रेषणले पुरा गरिने हाम्रो मुलुकमा सरकारको रोजगार योजना यस्तो कसरी सफलहुने भन्ने कुरामा अर्थमन्त्रालयको किन ध्यानाकर्षण हुँदैन ? यस वैश्विक विश्वमहामारी कोभिड-१९ मा ठुल्ठुला उद्योग पनि धराशाही हुने शंकामा रहेको बेला निजि क्षेत्रतिरका मध्यम व्यवसायको नाम एक सिन्को राहत प्याकेज घोषणा नगर्ने अर्थमन्त्रालयको आ.व.२०७७।७८ मा ६०% बजेट राजस्वबाट उठाउने घोषणलाई अब के भन्ने होला। नेपालको वरिष्ठ त्रिभुवन विश्वविद्यालयबाट बषेनी हजारौं युवा-युवतीहरु स्नातकोत्तर-स्नातक उतीर्ण गर्छन्, निजी संगठन वा कम्पनीतिर अर्थ तथा श्रम मन्त्रालयको उदासीनताले तिनलाई राजषि चमक भएको सरकारी जागीरतिर लम्क्याउँछन तर असहज रोजगारले पुनः निजितिर नै फर्काउछ। स्वसक्षमताले निजी क्षेत्रमा रोजगार गरि जीविकोपार्जन गरिरहेका जनजीवन यस संकटकालीन अवस्थामा पनि अर्थमन्त्रालयको गहन ध्यानापर्षणबाट वञ्चित हुन गयो। यस आपातकालीन अवस्थामा बैंकले मिनहा गरेको व्याज व्यवसायमा काँध थप्नेशक्तिको छैन,व्यवसायको बिक्रि ह्वात्तै झरेको त्यसमाथिपनि करको चापका कारण अर्थतन्त्र निराशातिर झुकिँदैछ। यस्तोमा संस्था नै बन्द हुने वा व्यवसायी पलायन हुने जोखिमलाई पनि नकार्नुहुँदैन। राजस्व विभागले रोजगारीको आयमा कर खोज्छन्,शैक्षिक कर स्वरुप १% संस्थाले अभिभावकबाट नै असुल गर्थ्यो, मुल्य अभिवृद्धिकर अन्तिम उपभोक्ताले फिर्ता पाउँदैनन्,एक मध्यमवर्गीयले कमाइको एक अंश सञ्चय गरि जग्गा किन्न खोज्दा त्यहाँपनि लाभांशकर र मुल्यअभिवृद्धिकर साथै स्थानीय करको समेत मार खेप्नुपर्ने हुन्छ। एकपटक किनिने गाडीमा हरेक वर्ष सवारीसाधन कर असुल गरिन्छ। सरकारले र वित्तियसंस्थाहरुले कम शर्तमा आर्थिक र प्रशासनिक सहयोग गरि एक सामान्य व्यक्तिले देशमा सानो पुँजीले व्यवसायगर्न सक्ने सहज अवस्था यत्तिहुँदा पनि सृजना हुन नसकेको अवस्थामा देश कसरी व्यवसाय र निर्यातमुखि बन्नसक्छन् त ? श्रृंगार, जुत्ताचप्पल, रेडिमेड कपडा, किरानाका दैनिक उपभोग्य सामग्री, विद्युतीय उपकरण, फर्निचर, औषधि र यस्ता अनेकौं आवश्यक खरिदमा अधिकतम खुद्रा मुल्य मै बिना बिजकको हिसाब गर्ने तथ्य राजस्व निरिक्षकबाट अर्थमन्त्रालयले जानकारी पाएकै हुनुपर्छ जस्लाई आधारमान्ने हो भने चालु आ व को मुद्रास्फितिदर ६.५० % भनिएको तथ्य अझ पनि वास्तविकताभन्दा कोशौ टाढा देखिन्छ।

| आर्थिक वर्ष | कुल बजेट(लगभग) | चालु खर्च | पूँजीगत खर्च | राजस्वबाट | बैदेशिक अनुदानबाट |
|---|---|---|---|---|---|
| २०७५।७६ | रु.१३ खर्ब | ६२.८३ % | २६.२१ % | ५७ % लगभग | ६ % लगभग |
| २०७६।७७ | रु.१५ खर्ब | ६२.४३ % | २६.६२ % | ६४ % | ४ % |
| २०७७।७८ | रु.१४ खर्ब | ६४ % | २४ % | ६० % | ४ % |

तालिका १

| हार्मोनिक कोड | वस्तु | २०१७ मा नेपाल निर्यातमा भारतको अंश % | २०१८ मा नेपाल निर्यातमा भारतको अंश % |
|---|---|---|---|
| ७२ | फलाम,स्टील | ९४.९४ | ९६.५८ |
| ८५ | इलेक्ट्रीकल,इलेक्ट्रोनिक औजार | २१.०४ | २८.७२ |
| ३० | औषधिजन्य मालवस्तु | ७९.५६ | ७५.०१ |
| ०७ | खाद्य तरकारी र अन्य | ५१.११ | ५५.७१ |
| ४८ | कागज तथा अन्य | ६९.३१ | ९४.७३ |
| ०८ | खाद्य फल,सुख्खा फल,खरबुजा र अन्य | ४९.९९ | ३१.४० |
| २५ | नुन,सल्फर,प्लास्टर,लाइम र सिमेन्ट | ९७.२४ | ९९.६७ |
| ६४ | जुत्ता र यससम्बन्धि वस्तुहरु | २९.३० | १०.७५ |
| १२ | अन्न,बीउ र अन्य | ४०.५३ | २८.०६ |

तालिका २

# दुई करोड बराबरको भ्रष्टाचारको अभियोगमा मुद्दा




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला हुलाक कार्यालय देलेखका प्रमुख अमरबहादुर मल्लसहित आठ जनाविरुद्ध कर्मचारी नियुक्ति र कार्यालय भवन निर्माणका क्रममा अनियमितता गरेको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार कार्यालयका प्रमुख मल्ल, नायब सुब्बा सन्तोष गौतम, सहायक कम्प्युटर अपरेटर गणेशबहादुर केसी र तत्कालीन हुलाक सेवा विभागका शाखा अधिकृत श्यामकुमार सिंहको मिलेमतोमा गलत दरबन्दी तयार पारी उनीहरुको नाममा तलब भत्तासमेत लिई भ्रष्टाचार गरेको अभियोग लागेको छ ।

गलत विवरण तयार पारी १५२ स्वीकृत दरबन्दीभन्दा बढी पटकपटक गरी १४७ जना र २६० जनाको दरबन्दी थप भएको उल्लेख गरी रु एक करोड ८२ लाख छ हजार ९०० बराबरको भ्रष्टाचार गरेको अभियोगमा कार्यालय प्रमुख मल्लविरुद्ध मुद्दा दायर गरिएको छ ।

यस्तै शाखा अधिकृत श्यामकुमार सिंहले पनि गलत दरबन्दी खडा गर्न सहयोग गरेको पाइएकाले रु एक करोड ८२ लाख छ हजार ९०० नै बिगो कायम गरी मुद्दा दायर गरिएको छ । आयोगले नायब सुब्बा गौतमविरुद्ध पनि प्रमुख मल्ल र शाखा अधिकृत सिंह बराबरै बिगो दाबी माग गरिएको आयोगले जनाएको छ ।

सहायक कम्प्युटर अपरेटर केसीविरुद्ध पनि रु एक करोड ८२ लाख छ हजार ९०० र लेखापाल शालीग्राम पौडेलविरुद्ध रु एक करोड ७५ लाख ५८ हजार ६३० बराबरको बिगो दाबी गरिएको छ । सोही अभियोगमा कार्यालयका नायब सुब्बा रणबहादुर बोहोराविरुद्ध रु ३० लाख तीन हहजार २१०, साविक कोष तथा लेखा नियन्त्रक कार्यालय देलेखमा कार्यरत लेखा नियन्त्रक शुभाकर न्यौपाने र लेखापाल दीपबहादुर थापाविरुद्ध पनि कार्यालय प्रमुख मल्ल बराबरकै बिगो कायम गरिएको छ । यस्तै आयोगले इलाका प्रहरी कार्यालय बिपीनगर डोटीमा कार्यरत प्रहरी निरीक्षक नृपबहादुर बोहोराले अवैध काठ तस्करी गरेर ट्र्याक्टरमा लोड गरिरहेकासँग मिलेमतो गरी भ्रष्टाचार गरेको अभियोगमा आजै विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले बोहोराविरुद्ध रु ६१ हजार २० र केदार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष चक्रबहादुर साउदविरुद्ध पनि समान बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिनुभयो ।

त्यस्ते आयोगले नेपाल राष्ट्रिय आधारभूत मावि पर्सामा सरकारी स्रोतबाट प्राप्त रकम दुरुपयोग गरेको अभियोगमा प्रधानाध्यापक सन्तोषकुमार गुप्ताविरुद्ध मुद्दा दायर गरेको छ । आयोगले गुप्ताविरुद्ध रु छ लाख बराबरको बिगो माग दाबी गरेको छ ।रासस

# गण्डकी प्रदेशमा १६ सङ्क्रमित थपिए, ५०४ पुगे, ४९ निको भए

कास्की । गण्डकी प्रदेशमा आज १६ जना कोरोना भाइरस सङ्क्रमित थपिएका छन् । प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले बिहान जारी गरेको विज्ञप्तिमा बाग्लुङमा नौ, म्याग्दीमा चार, तनहुँमा एक र पर्वतमा दुई जनामा सङ्क्रमण पुष्टि भएको जनाइएको छ ।

गण्डकी प्रदेशका ११ वटै जिल्लामा सङ्क्रमण पुष्टि भइसकेको छ । शनिबार साँझ हिमालपारिको जिल्ला मुस्ताङमा समेत सङ्क्रमण देखिएको थियो । प्रदेशमा हालसम्म सङ्क्रमितको सङ्ख्या ५०४ पुगेको छ । पछिल्लो अद्यावधिक विवरणअनुसार सङ्क्रमित बागलुङको गल्कोट नगरपालिकाका २२, २६, २२ र २१ वर्षका पुरुष, ढोरपाटन नगरपालिकाका ४८ वर्षीय पुरुष, काठेखोला गाउँपालिकाका ३२, ४० र २९ तथा बागलुङ नगरपालिकाका २१ वर्षका पुरुष छन् ।

म्याग्दीको रघुगङ्गा गाउँपालिकाका ३० र नौ वर्षीया महिला तथा ३३ वर्षीय पुरुष, मङ्गला गाउँपालिकाका २० वर्षीय पुरुष छन् । तनहुँको ऋषिङ गाउँपालिकाका २९ वर्षीय पुरुष र पर्वतको कुश्मा नगरपालिका २७ र ३२ वर्षका पुरुषमा सङ्क्रमण पुष्टि भएको निर्देशनालयका निर्देशक एवं गण्डकी प्रदेश कोरोना रोकथाम तथा नियन्त्रण कार्यक्रमका प्रवक्ता डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

सङ्क्रमितहरू सबै जनालाई अहिले जिल्लास्थित आइसोलेसनकक्षमा लेजाने तयारी भइरहेको निर्देशक शर्माले जानकारी दिनुभयो ।

हालसम्म स्याङ्जामा ७६, नवलपरासीमा १३३, बागलुङमा ११२, पर्वतमा ४५, गोरखामा ४१, तनहुँमा ७१, कास्कीमा १५, म्याग्दीमा आठ तथा लमजुङ, मुस्ताङ र मनाङमा एक/एक जना सङ्क्रमित छन् । हालसम्म ४९ जना विभिन्न अस्पतालमा उपचारपछि निको भएर घर फर्किएका छन् भने एक जना सङ्क्रमितको मृत्यु भएको छ ।

प्रदेशमा अहिलेसम्म पिसीआर विधिबाट कोभिड-१९ परीक्षणका लागि आठ हजार ७५१ जनाको नमूना सङ्कलन गरिएकामा छ हजार ९१९ जनाको नतिजा नेगेटिभ आएको छ ।

जसमा एक हजार ३२८ जनाको नतिजा आउन बाँकी रहेको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । प्रयोगशालामा नमूना 'पेन्डिङ' हुन थालेपछि पछिल्लोपटक प्रयोगशालामा मेसिन र जनशक्ति बढाइएको छ । रासस

# मैले प्रतिरोधी क्षमता बढाउन आग्रह गरेको हुँ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले शरीरको प्रतिरोधी क्षमता बढाउन आफूले गरेको आग्रहलाई मजाकमा नउडाउन आग्रह गर्नुभएको छ ।

अन्तर्राष्ट्रिय योग दिवस मूल समारोह समितिले आज आयोजना गरेको भर्चुअल कार्यक्रममा प्रधानमन्त्री ओलीले भान्सामा हामीले प्रयोग गर्दै आएका बेसार, अदुवा, मेथीजस्ता मसला औषधिमय भएको कुरा पूर्वज ऋषिमुनी र आयुर्वेदको खोज तथा प्रयोगबाट प्रमाणित भएकाले तिनको प्रयोग बढाउन आग्रह गर्नुभयो । विश्वव्यापीरूपमा कोरोना भाइरसको महामारीको प्रभाव भइरहेका बेला प्रधानमन्त्री ओलीले शरीरको प्रतिरोधी क्षमता बढाउन त्यस्ता वस्तुको प्रयोग बढाउन आग्रह गर्दै आउनुभएको छ ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "मैले शरीरको प्रतिरोधी क्षमता बढाउने सन्दर्भमा ती कुराहरू गरेको हुँ, तर कतिपय बुद्धिजीवीले बेसारको मजाक उडाए, कतिले मेथी, मरिच र कतिले अदुवाको मजाक उडाए । म उहाँहरूलाई सुझाव दिन चाहन्छु, पूर्वजका खोजहरूप्रति यसरी मजाक नउडाऊ । आयुर्वेद र योग हाम्रा असाधारण औषधि हुन् । यिनीहरूलाई अगाडि बढाऔँ ।"

नेपाल योगको जननी भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसै हिमवत्खण्डबाट सङ्गीत, नृत्य, योग र आयुर्वेदसहित असाधारण ज्ञान, अभ्यास र अनुसन्धान अगाडि बढेको उल्लेख गर्दै गर्नुभयो ।

प्रधानमन्त्री ओलीले नेपाली भूभागबाट उत्पत्ति, प्रयोग र विकास हुँदै आएको योग आज विश्वव्यापी भएको जनाउँदै यसले नेपालको इतिहास, सभ्यता र गौरवलाई झल्काउने बताउनुभयो ।

"व्यायाम, प्रणायम र ध्यान मिलेपछि पूर्ण योग बन्छ र यी चिजको योगबाट शरीरलाई स्वस्थ्य रहन योगदान गर्दछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "मानव जातिको सर्वोपरी आकाङ्क्षा पूरा गर्ने अभियानमा हामी लागिरहेका छौँ । मानव हुनुको सार्थकता र कर्तव्य पूरा गरौँ । हामी 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने सङ्कल्पमा छौँ ।"

प्रधानमन्त्री ओलीले नेपालको उर्वर, जीवनमय र औषधिमय प्रकृति भए पनि नेपाल गरिबीमा परेको कुरा अब स्वीकार्य नहुने भन्दै यसलाई अब बदल्नुपर्छ बदल्न सकिन्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "समृद्धिका गन्तव्यमा पुग्ने आधारसहितको सङ्कल्प हामीसँग छ । यसका लागि स्वास्थ्य अनिवार्य पूर्वशर्त हो, त्यसैले निरोगी नेपालको अभियान सञ्चालन गर्ने भनेका छौँ । आहार, व्यायाम र आरामको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले योग र आयुर्वेदलाई अगाडि बढाऔँ ।"

सो अवसरमा प्रधानमन्त्री ओलीले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको 'राष्ट्रिय योगाभ्यासक्रम' पुस्तकको लोकार्पण गर्नुभयो । शिक्षामन्त्री गिरिराजमणि पोखरेलले विद्यालयस्तरबाटै योगाभ्यास र अध्ययनको क्रमको थालनी भएको बताउँदै निरोगी रहन यसलाई व्यापक बनाउन आग्रह गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले विमोचित पुस्तक राष्ट्रिय योगाभ्यासक्रमको प्रकाशनले योगलाई जीवनपद्धतिमा ढाल्न सहयोग पुग्ने बताउनुभयो ।

शिक्षा मन्त्रालयका सचिव डा सञ्जय शर्माले राष्ट्रियस्तरमा योगको प्रयोगका सम्बन्धमा सरलीकृत व्याख्या गरेर पुस्तक प्रकाशन गरिएको जानकारी दिनुभयो । स्वामी आनन्द अरुणले कोरोना सङ्कटपछि विश्व पूर्ववत् अवस्थामा नरहने र मानसिक रोगी बढ्ने खतरा भएकाले मानसिक स्वास्थ्यतर्फ केन्द्रित हुनुपर्ने बताउनुभयो । उहाँले मानसिक समस्या भएमा शरीरको प्रतिरोधी क्षमता कमजोर हुने भएकाले योग र ध्यानलाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा योगगुरु डा हरिप्रसाद पोखरेल, नायक निखिल उप्रेती, साधक सोनाम साथीलगायतले योगको व्यापकताका लागि आग्रह गर्नुभयो । नेपालले हरेक माघ १ गते राष्ट्रिय योग दिवस मनाउँदै आएको छ ।रासस

# विभिन्न मुलुकबाट उद्धार जारी

काठमाण्डु । नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सका जहाजले विभिन्न मुलुकबाट कोभिड-१९ का कारण जोखिममा परेका नेपालीलाई उद्धार उडान गरी स्वदेश ल्याउँदैछन् ।

नेपाल एयरलाइन्सले आज कतारको दोहा, साउदी अरेबियाको रियाद र बहराइनमा चार्टर्ड गर्दैछ । यसका लागि निगमको जहाज दोहा र रियाद उडिसकेका छन् भने बहराइनको राति ९:०० बजे प्रस्थान गर्ने कार्यतालिका रहेको निगमले जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीका अनुसार नेपाल एयरलाइन्सले रियादबाट २४६ र दोहाबाट १४६ र तीन बालकको उद्धार उडानमार्फत स्वदेश ल्याउनेछ । निगमले शनिबार तीन अन्तर्राष्ट्रिय उडान गरेको थियो । निगमले विभिन्न मुलुकमा रहेका नेपाली ल्याउन जुन १५ देखि ३० सम्म उद्धार उडानको तालिका सार्वजानिक गरिसकेको छ ।

त्यस्तै हिमालय एयरलाइन्सको पूर्वनिर्धारित तालिकाअनुसार मलेसियाको क्वालालम्पुर र पाकिस्तानको इस्लामावादबाट काठमाण्डु चार्टर्ड उडान गर्दैछ । एयरलाइन्सले अबुधावीबाट आज १५३ नेपाली ल्याउने उहाँले बताउनुभयो ।

हिमालयले आगामी चार दिनसम्म निरन्तर नौ गन्तव्य मुलुकमा चार्टर्ड उडान उडान गरी नेपाली फर्काउने कार्यतालिका बनाएको छ । कम्पनीले सोमबार पाकिस्तान, माल्दिभ्स र दोहाबाट तीनवटा उडान गर्नेछ । अगामी मङ्गलबार अबुधावी, दमाम र कुवेतबाट उडान गर्नेछ भने बुधबार आबुधावी र दोहाबाट काठामाडौं चार्टर्ड उडान गर्ने कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । शनिबार एकै दिन १६ उडान भएका थिए । विभिन्न मुलुकबाट अलपत्र नेपाली फर्काउन अहिले धमाधम चार्टर्ड उडान जारी रहेको छ ।रासस

# कोरोनाका विरुद्ध सामूहिक प्रयासको आवश्यकता : मुख्यमन्त्री गुरुङ

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्न सामूहिक प्रयासको आवश्यकता औंल्याउनुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित रोटरी क्लब अफ पोखराद्वारा उपलब्ध गराइएको स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा उहाँले कोरोना विरुद्ध आम सर्वसाधारण सचेत हुनुपर्छ भन्नुभयो ।

उहाँले कोरोनाले पारेको असर न्यूनीकरण गर्न प्रत्येक व्यक्ति एवम् समुदाय आ-आफ्नो तर्फबाट लाग्नुपर्ने र यस विरुद्धको लडाइँमा सामूहिक सचेतता आवश्यक भएको बताउनुभयो ।



कार्यक्रममा उहाँलाई रोटरी क्लब अफ पोखराका अध्यक्ष गोपाल ध्वजुले रोटरी इन्टरनेशनलमार्फत उपलब्ध गराइएका १० हजार थान मास्क, दुई हजार पाँच सय थान फेससिल, १० हजार ब्रुसर लगायतका विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

सो अवसरमा रोटरी क्लब अफ डिष्ट्रिक ३२९२ नेपाल भूटानका गभर्नर किरणलाल श्रेष्ठले कोभिड-१९ रोकथामका लागि क्लबले नेपालमा हालसम्म १७ करोड बराबरको स्वास्थ्य सामग्री र राहत उपलब्ध गराइसकेको जानकारी दिनुभयो ।

रोटरी क्लब अफ इन्टरनेशनले असारको दोस्रो हप्ताभित्र गण्डकी प्रदेशका लागि दुई थान पिसिआर परीक्षण मेशिन उपलब्ध गराउने तयारी भइरहेको उहाँले बताउनुभयो । कार्यक्रममा रोटरी क्लब अफ पोखराका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।रासस

# छैटौं अन्तर्राष्ट्रिय योग दिवस

काठमाण्डु । जुन महिनाको २१औं तारिख अर्थात् असार ७ गते आज देशभर विविध कार्यक्रम गरी छैटौं अन्तर्राष्ट्रिय योग दिवस मनाइँदैछ । संयुक्त राष्ट्रसङ्घले सन् २०१५ देखि जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रूपमा मनाउन शुरु गरेको हो । अन्तर्राष्ट्रिय योग दिवस मनाउने व्यवस्थाका लागि सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घको महासभामा भारतीय प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले प्रस्ताव गर्नुभएको थियो । प्रस्तावलाई नेपालका तत्कालीन प्रधानमन्त्री स्व सुशील कोइरालाले समर्थन गर्नुभएको थियो । यो प्रस्तावलाई हाल विश्वका धेरै देशले समर्थन गरिसकेका छन् ।

संस्कृत भाषाको योग शब्दको अर्थ जोड्नु भन्ने हुन्छ । 'योगश्चित्तवृत्तिनिरोधः' अर्थात् मनमा आउने विभिन्न विकारलाई हटाउने प्रक्रियालाई नै योग भनिन्छ । योग दिवसका अवसरमा विभिन्न सङ्घसंस्थाले आज विविध कार्यक्रम आयोजना गर्ने भएका छन् । यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलिएकाले सार्वजनिक कार्यक्रमभन्दा पनि प्रविधिलाई उपयोग गरी जुम प्रविधिका माध्यमबाट कार्यक्रम गरिने जनाइएको छ ।

योगको नियमित अभ्यासबाट स्वास्थ्य राम्रो, कार्यक्षमतामा वृद्धि, चिन्तामुक्त, मानसिक शान्ति, रोग प्रतिरोधी क्षमतामा बढोत्तरी, शरीर, मन र आत्माबीचको समन्वय, सकारात्मक सोचको विकास, अनावश्यक विचारबाट मुक्ति, ऊर्जा प्राप्ति, आत्म ज्ञान प्राप्तिलगायत सकारात्मक गुणको विकास हुन्छ । यस वर्ष दिवसको नारा 'घरघरमा योग, परिवारका साथमा योग' भन्ने रहेको छ ।

नेपालको अमूल्य निधिका रूपमा रहेको योग, प्राणायाम, आयुर्वेद र जडीबुटीको विकास एवं विस्तार गरी हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै स्वस्थ, समुन्नत र समृद्ध बनाउने अभियानका साथ योग दिवसको कार्यक्रम गर्न लागिएको हो । योगको उत्पत्ति नेपाली भूमिमै भएको विश्वास गरिन्छ । भगवान् शिवले पत्नी पार्वतीलाई पहिलोपटक योग शिक्षा दिएको विभिन्न शास्त्रीय ग्रन्थमा वर्णन गरेको पाइन्छ । शिव र पार्वतीबीचको संवादलाई प्रचारप्रसार गरी योग संसारभर फैलिएको थियो । बीचमा लुप्तप्रायः भए पनि पछिल्लो समयमा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय योग दिवस मनाउन थालेपछि यसको पुनःजागरण नै शुरु भएको छ ।रासस

# महामारीको जोखिममा समेत घटेन महिला हिंसा

काठमाण्डु । कोभिड-१९ महामारीको जोखिमपूर्ण अवस्थामा पनि मानवअधिकार उल्लङ्घनका घटनामा कमी आउन सकेको छैन । बलात्कार जस्ता जघन्य अपराध अझ बढ्दै गएको देखिएको छ ।

सरकारले कोभिड-१९ को जोखिम कम गर्न गत चैत ११ गतेदेखि बन्दाबन्दीको घोषणा गरेयता सात वर्षीया बालिकादेखि क्वारेन्टिनमा बसेकी महिलासमेत बलात्कारको शिकार भएका छन् । यस्ता अमानवीय घटना बढ्नुले महामारीजस्तो विपद्मा पनि महिलाहरू झन् आपतमा परेको देखिएको छ ।

गत जेठ ३२ गते शनिबार राति कैलालीस्थित लम्कीचुहा नगरपालिका वडा नं १ स्थित शहीदस्मारक माध्यमिक विद्यालयको क्वारेन्टिनमा राखिएकी ३१ वर्षीया महिलामाथि सामूहिक बलात्कार भयो ।

महामारीबाट बाँच्न आफ्नो थातथलो सम्झेर भारतबाट आएर जेठ २० गतेदेखि क्वारेन्टिनमा बस्दै आएकी उनीमाथि क्वारेन्टिनमै यस्तो जघन्य अपराध भयो । यसमा संलग्न भएको आशंकामा तीन जना पक्राउ परेका छन् । क्वारेन्टिनमा कार्यरत स्वास्थ्यकर्मी किशोर परियार र स्वयंसेवकहरू लक्ष्मण विक र सर्जन विकलाई पक्राउ गरेर प्रहरीले अनुसन्धान शुरु गरेको जनाएको छ ।

पर्साको ठोरी गाउँपालिकास्थित स्याउली बस्तीमा आफ्नै ११ वर्षीय छोरीलाई ४५ वर्षीय बाबुले

***बन्दाबन्दीका अवस्थामा परिवारसँगै भएका बेला होस् वा संरक्षित स्थानमै पनि यस्ता बलात्कारका घटना भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार लकडाउनको अवधि (चैत ११ देखि जेठ ३२) भित्र देशभर महिला बालबालिका विरुद्ध एक हजार ९४६ वटा आपराधिक घटना भएका छन् । यस अवधिमा सबैभन्दा बढी आत्महत्याका घटना र त्यसपछि घरेलु हिंसाका घटना भएका छन् । यस अवधिमा एक हजार १५५ जनाले झुण्डिएर र विष खाएर १९६ ले आत्महत्या गरेका छन् । त्यसैगरी ज्यान मार्ने उद्योग १६६, कर्तव्य ज्यान १०० ओटा घटना भएका छन् भने हाम फालेर १० जनाको मृत्यु भएको छ ।***

गत आइतबार बलात्कार गरेका छन् । आफ्नै बाबुले मदिरा सेवन गरी बलात्कार गरेपछि बालिका चिच्याएको आवाज सुनेर छिमेकी र आफन्तले बालिकाको उद्धार गरेका थिए । बलात्कार गर्ने बाबुलाई प्रहरीले पक्राउ गरेको छ । मदिराको नशामा बाबुले आफूलाई पटकपटक बलात्कार गरेको बालिकाको भनाई छ ।

कैलालीको गौरीगंगा नगरपालिका-४, मा ७ वर्षिया बालिकालाई दुईसाता अघि ८० वर्षीय बालाराम सुवेदीले बलात्कार गरे । बलात्कार गरेको आरोप लागेका ८० वर्षीय सुवेदीलाई जिल्ला अदालत कैलालीले ५० हजार धरौटीमा छाड्ने आदेश दिएको छ । पीडकको उमेरको अवस्था हेर्दा थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न मनासिव नदेखिएको र प्रमाणहरू पर्याप्त नभएको उल्लेख गर्दै धरौटीमा छाड्ने आदेश गरेको छ ।

तर यौनजन्य अपराधसम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनमा बालिकाको योनीमा यौनजन्य पदार्थ थुप्रिएको र योनी च्यातिएको भन्ने उल्लेख रहेको बताइएको छ । गतसाता कैलालीमा १४ वर्षीय किशोरी सामूहिक बलात्कारको शिकार भइन् । बलात्कारमा संलग्न चारजनालाई प्रहरीले पक्राउ गरेको छ ।

माथिका यी चार घटना प्रतिनिधि घटना मात्र होइन कोभिड १९ को जोखिमपूर्ण अवस्थामा भएका गम्भीर प्रकृतिका अपराध हुन् । बन्दाबन्दीका अवस्थामा परिवारसँगै भएका बेला होस् वा संरक्षित स्थानमै पनि यस्ता बलात्कारका घटना भएका छन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार लकडाउनको अवधि (चैत ११ देखि जेठ ३२) भित्र देशभर महिला बालबालिका विरुद्ध एक हजार ९४६ वटा आपराधिक घटना भएका छन् ।

यस अवधिमा सबैभन्दा बढी आत्महत्याका घटना र त्यसपछि घरेलु हिंसाका घटना भएका छन् । यस अवधिमा एक हजार १५५ जनाले झुण्डिएर र विष खाएर १९६ ले आत्महत्या गरेका छन् । त्यसैगरी ज्यान मार्ने उद्योग १६६, कर्तव्य ज्यान १०० ओटा घटना भएका छन् भने हाम फालेर १० जनाको मृत्यु भएको छ । त्यस्तै यस अवधिमा जवर्जस्ती करणी ३७३, बालयौन दुराचार ४६, बोक्सीको आरोप नौ, विद्युतीय कसुर तथा साइवर अपराध १०, मानव बेचविखन तथा ओसार पसार नौ, बहुविवाह ३४ र बालविवाहका नौ घटना भएका छन् ।

बन्दाबन्दीको अवस्थामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् ।

"बन्दाबन्दीको अवधिमा पनि बलात्कार, महिला हिंसाजस्ता घटना बढ्नुले राज्यको सुरक्षा प्रबन्ध कमजोर छ, एउटी चेलीको सामूहिक रूपमा अस्मिता लुट्ने जस्ता जघन्य अपराधिक कार्यले प्रश्रय पाएको छ" मानव अधिकारकर्मी चरण प्रसाईंले भन्नुभयो," "क्वारेन्टिनको व्यवस्थापन अत्यन्त कमजोर भएको, कहीँ खुल्ला चउरमा सुत्नुपर्ने, कते चुकुल नभएको ढोकाहरू भएको, एउटै कोठामा धेरै जनालाई राख्ने गरिएको, एउटै शौचालय प्रयोग गर्नुपर्ने बाध्यता रहेको, खाना तथा शुद्ध पिउने पानीको अभाव रहेको, यौन हिंसा हुने गरेको अवस्था छ भने महिला तथा वालिकाहरू उच्च जोखिममा रहेका छन् ।"रासस


## महोत्तरी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
महोत्तरी, महोत्तरी
प्रदेश नं. २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७७/०३/०७

यस कार्यालयको मिति २०७७/०२/२० गतेको च्यापकटर खरिद सम्बन्धी सिलबन्दी (कोटेशन) दरभाउ आव्हानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका सिलबनदी (कोटेशन) दरभाउहरु मध्ये तपसिलमा उल्लेख सिलबन्दी (कोटेशन) दरभाउहरु न्युन्तम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्रही भई स्वीकृतका लगि छनोट भएको हुँदा सर्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबेको जानकारीका लागि ३ दिने आश्य सम्बन्धी सूचनाद्वारा जानकारी गराउदछौं ।

| सि.नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबुल गरेको रकम रु. |
|---|---|---|---|
| १ | च्यापकटर खरिद | श्री न्यु शिवम सप्लार्यस, जनकपुर १६ । | रकम रु. १२३००।- (बाह्र हजार तिन सय मात्र) प्रति च्यापकटर |

प्रमुख प्रशासकीय अधिकृत

# कोरोनाबाट विश्वभरी चार लाख ६६ हजारको मृत्यु, ८९ लाख सङ्क्रमित

एएफपी

पेरिस । कोरोना भाइरसका कारण आइतबारसम्ममा विश्वभरी चार लाख ६६ हजारभन्दा बढीको मृत्यु भएको छ।

एएफपीले सङ्कलन गरेको विभिन्न देशका आधिकारीक निकायका अधिकारीहरुले दिएको रिपोर्ट अनुसार कोरोनाभाइरसबाट विश्वभरी चार लाख ६६ हजार ८३९ जनाको मृत्यु भएको हो।



त्यसैगरी विश्वभरी सङ्क्रमितहरुको सङ्ख्या ८९ लाख २३ हजार ७८ पुगेको पनि अधिकारीहरुले जानकारी दिएका छन्। विश्वभरी कुल सङ्क्रमितमध्ये ४७ लाख ४३ हजार ८०९ जना सङ्क्रमणमुक्त भएको जनाइएको छ। त्यसैगरी ३७ लाख १२ हजार ३७६ जना अभै पनि सङ्क्रमित अवस्थामै रहेका छन्। तीमध्ये ३६ लाख ५७ हजार ८७१ जना जना मध्यम अवस्थामा उपचाररत छन् भने बाँकी एक प्रतिशत अर्थात ५४ हजार ५०५ जना गम्भीर अवस्थामा रहेका छन्।

पछिल्लो विवरण अनुसार, सवैभन्दा धेरै सङ्क्रमित अमेरिकामै रहेका छन्। अमेरिकामा अहिलेसम्म २३ लाख ३० हजार ५८ जना सङ्क्रमित भएका छन्। दोस्रो धेरै सङ्क्रमित रहेको ब्राजिलमा भने दश लाख ७० हजार १३९ जना सङ्क्रमित रहेका छन्। सङ्क्रमितको सङ्ख्याका आधारमा तेस्रोमा रुस, चौथोमा भारत, पाँचौमा बेलायत, छैठौँमा स्पेन, सातौँमा पेरु, आठौँमा इटली र दशौँमा चिली रहेका छन्।

सवैभन्दा धेरै सङ्क्रमित रहेको अमेरिकामा अहिलेसम्म मृतकको सङ्ख्या एक लाख २१ हजार ९८० रहेको छ भने दोस्रो धेरै मानवीय क्षति भएको ब्राजिलमा ५० हजार ५८ जनाको मृत्यु भएको छ। त्यसैगरी तेस्रो धेरै मानवीय क्षति बेलायतमा भएको छ। जहाँ ४२ हजार ५८९ जनाको मृत्यु भएको छ भने चौथोमा स्पेन रहेको छ। स्पेनमा २८ हजार ३२२ जनाको मृत्यु भएको तथ्याङ्क छ।

# पाकिस्तानमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या एक लाख ७१ हजार ६६६, निको हुने ६३ हजार ५०४ पुगे

एएफपी

क्वेटा । पाकिस्तानमा आइतबार विहानसम्म एक लाख ७१ हजार ६६६ व्यक्तिमा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमितमध्ये तीन हजार ३४२ जनाको मृत्यु भएको छ। यस्तै सङ्क्रमितमध्ये ६३ हजार ५०४ जना निको भइ घर फर्किएका छन्।

पाकिस्तानमा प्रति १० लाख जनसङ्ख्या बराबर ७७८ जना कोभिड-१९ सङ्क्रमित छन् भने १५ जनाको मृत्यु भएको छ। पाकिस्तानमा आइतबारसम्म १० लाख ८२ हजार ७८७ व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको छ। पाकिस्तानको बढी प्रभावित प्रान्तहरूमध्ये सिन्ध प्रान्तमा सबेभन्दा बढी ६५ हजार १६३, पञ्जाबमा ६४ हजार २१६, इस्लामावादमा १० हजार २७९ र बलुचिस्तानमा नौ हजार १६२ सङ्क्रमित रहेका छन्।



आइएसआइ कमाण्डरको सङ्क्रमणका कारण मृत्यु पाकिस्तानको अन्तर-सेवागुप्तचर(इन्टर-सर्भिसेज इन्टिलिजेन्स/आईएसआई) का बलुचिस्तानमा कार्यरत वरिष्ठ अधिकारी ब्रिग हसन अफजालको शनिबार मृत्यु भएको छ। उहाँलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

पाकिस्तानी स्रोतहरूका अनुसार उहाँ आईएसआईको बलुचिस्तान क्षेत्रको कमाण्डर हुनुहुन्थ्यो। पाकिस्तानको विकट प्रान्त मानिने बलुचिस्तानमा आधुनिक स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार नभएका कारण मृत्यु भएको आशङ्का गरिएको छ।

बलुचिस्तानका जनस्वास्थ्य कार्यालयका महानिर्देशक डाक्टर सलिम एब्रोले हाले पत्रकार सम्मेलनमा बलुचिस्तानमा आगामी केही महिना (जुलाई देखि सेप्टेम्बर)भित्र सङ्क्रमित एक लाखभन्दा बढी पुग्ने भन्दै नागरिकहरूलाई आवश्यक सतर्कता अपनाउन आग्रह गर्नुभएको थियो।

# बेलायतमा चारमध्ये एक जना खाद्य सङ्कटको जोखिममा : अध्ययन

एएफपी

लण्डन। कोरोनाभाइरसबाट अत्यन्त प्रभावित देश बेलायतमा प्रत्येक चारमध्ये एक जना खाद्य सङ्कटको खतरामा रहेको पाइएको छ। कोरोनाभाइरसबाट उत्पन्न महामारीका कारण खाद्य सङ्कटको खतरा देखिएको अध्ययनकर्ताहिरुले जानकारी दिएका छन्।

खाद्य अवस्थाका बारेमा अनुसन्धानकर्ताहिरुले प्रश्न गर्दा चारमध्ये एक जनाले खाद्य असुरक्षा महसुस गरिरहेको जवाफ दिएका थिए।

खाद्य असुरक्षासँगै पौष्टिक आहारको अभाव हुने खतरा पनि उत्तिकै बढेको अनुसन्धानकर्ताहिरुको निश्कर्ष छ। अध्ययनको मुख्य निश्कर्ष फिडिङ ब्रिटेन एण्ड नोर्थमब्रिया युनिभर्सिटीको हेल्दी लिभिङ ल्याबबाट प्रकाशित गरिएको छ।

# भारतमा एकैदिनमा १५ हजार सङ्क्रमित

एएफपी

नयाँदिल्ली । भारतमा कोभिड-१९ सङ्क्रमित हुनेको सङ्ख्या एकै दिनमा अत्यधिक देखिएको छ।



पछिल्ला केहीदिनमा सार्वजनिक भएका दैनिक विवरणहरुमध्ये आइतबार सवैभन्दा धेरै जना एकै दिनमा सङ्क्रमित भएको जानकारी दिइएको छ। सरकारी अधिकारीहरुले बताएअनुसार, भारतमा पछिल्लो २४ घण्टामा १५ हजार ४१३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। योसँगै भारतमा आइतबारसम्ममा कोरोनाभाइरसबाट सङ्क्रमितहरुको सङ्ख्या कुल चार लाख दश हजार ४६१ पुगेको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको सङ्ख्या १३ हजार २५४ पुगेको छ। भारतमा कुल सङ्क्रमित मध्ये एक लाख ६९ हजार ४५१ जना अभै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने दुई लाख २७ हजार ७५६ जना सङ्क्रमण मुक्त भएका छन्।

प्रदेशगत रुपमा हेर्दा सवैभन्दा धेरै सङ्क्रमित रहेको महाराष्ट्र प्रदेशमा एक लाख २८ हजार २०५ जना सङ्क्रमित भएका छन्। ती मध्ये ५८ हजार ६८ जना अभै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने ६४ हजार १५३ जना सङ्क्रमण मुक्त भएका छन्। महाराष्ट्र प्रदेशभरी कोरोनाभाइरसका कारण अहिलेसम्म पाँच हजार ९८४ जनाको मृत्यु भएको छ।

त्यसैगरी तमिल नाडु प्रदेशमा ५६ हजार ८४५ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ।

# जापानमा सतर्कतापूर्व अर्थतन्त्र पुनः सुचारु, स्वास्थ्य सतर्कता पनि कायमै

एएफपी

टोकियो । जापानमा कोरोनाभाइरसको खतराका कारण बन्द गरिएका आर्थिक गतिविधिहरुलाई पुनः सुचारु गर्न थालिएको छ।

व्यापार व्यवसाय सञ्चालनका लागि सरकारी तवरबाट आग्रह गरिएको तर जबरजस्ती भने नगरिएको अधिकारीहरुले जनाएका छन्। रेस्टुरेन्टहरुलाई सकेसम्म धेरै सिटहरु कोठाभन्दा बाहिर बनाउन सुभाव दिएको पनि जनाइएको छ।

कोरोनाभाइरसको जोखिम अभै पनि उत्तिकै रहेकाले जुन सुकै गतिविधि गर्दा पनि सामाजिक दुरी कायम गरेर मात्रै गर्न चिकित्सकहरुले आग्रह गरेका छन्।

विश्वभरी नै नयाँ सामान्यतालाई ख्याल गर्दै पुराने अवस्थामा फर्किने क्रम शुरु भइसकेकाले जापानमा पनि सतर्कता र सन्तुलनलाई ध्यान दिन लगाइएको छ।

कोरोनाभाइरससँग डराएर लामो समयसम्म आर्थिक गतिविधिहरु बन्द गर्दा पर्याटन, निर्यातिसँगै साना व्यापार व्यवसायहरुलाई धेरै मर्का परेको पाईएको छ।

जापानमा अन्य कतिपय देशहरुमा भै लकडाउन अति कडाइका साथ लागू नगरिएकाले कोरोनाभाइरसको खतरा र त्यसले क्षति गर्नसक्ने संभावना अभै पनि रहेकाले त्यसलाई ध्यान दिने पर्ने अर्थविद्हरुले पनि बताएका छन्।

जापानले कतिपय बस्तु तथा सेवाहरु निर्यात गर्ने देशहरुमा पनि अभै सामान्य अवस्था नआएको र आवतजावत गर्न वा ढुवानी गर्न नपाईएकाले अर्थतन्त्रमा असर भने परि नै रहेको उनीहरुको भनाई छ। अर्थविद्हरुले जापानको अर्थतन्त्र तत्काले र सजिले सुधार हुने अवस्थामा नरहेको पनि विश्लेषण गरेका छन्।

# भारतीय प्रधानमन्त्री मोदीद्वारा रोजगार योजना शुरु

एएफपी

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार रोजगार योजना शुरुवात गर्नुभएको छ। विषेश गरी बसाई सरेर आएका कामदारलक्षित यस्तो योजनाको शुरुवात गरिएको अधिकारीहरुले जनाएका छन्।




कोरोनाभाइरसका कारण लकडाउन लागु भएपछि धेरै कामदारहरुको रोजगारी गुमेकाले सरकारले रोजगार योजना शुरु गर्नु परेको हो।सो योजनालाई 'गरिब कल्याण रोजगार अभियान' नाम दिइएको छ। यस योजना अन्तर्गत विषेश गरेर ग्रामिण क्षेत्रमा काम गर्नका लागि प्रेरित गरिने भएको छ।

कोरोनाभाइरसले ग्रामिण क्षेत्रको महत्व र ग्रामिण क्षेत्रलाई आधार बनाउनु पर्छ भन्ने सिकाएको पनि प्रधानमन्त्री मोदीले बताउनुभयो।

शहरबाट गाउँ फर्केकाहरुलाई गाउमै सहयोग गर्नका लागि रोजगार योजनामार्फत् विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने उहाँको भनाई छ। क्षमतावान व्यक्तिहरु गाउँमा बसेर काम गरेमा आर्थिक बृद्धिदर तिब्र गराउन पनि ठूलो सहयोग पुग्ने प्रधानमन्त्री मोदीले विश्वास व्यक्त गर्नुभयो।

शहरबाट गाउँ गएकाहरुलाई घरनजिकै रोजगारी दिलाउने र गाउँको विकासमा लगाउने सरकारको मुख्य प्राथमिकताको विषय भएको उहाँले बताउनुभयो।

प्रधानमन्त्री मोदीले ग्रामिण क्षेत्रको भौतिक विकासमा पनि सरकारले विषेश जोड दिने जानकारी गराउदै गाउँ गाउँमा इन्टरनेट पुऱ्याईने बताउनुभयो।

गरिब कल्याण रोजगार अभियानको शुरुवात प्रधानमन्त्री मोदीले विहारको कतिहारबाट अनलाईन भिडियोमार्फत् गर्नु भएको थियो।

उद्घाटन कार्यक्रममा विहार, मध्यप्रदेश, उत्तर प्रदेश, राजस्थान र भारखण्ड प्रदेशका मुख्यमन्त्रीहरु र उडिसाका मुन्त्री सहभागी हुनुभएको थियो।

# काबुलको अमेरिकी दूतावासका कर्मचारीमा कोरोना संक्रमण

एएफपी

काबुल। अफगानिस्तानको राजधानी काबुलमा रहेको अमेरिकी राजदूतावासका कर्मचारीमा कोरोना भइरसको संक्रमण देखिएको बताइएको छ।

यहाँ कामगर्ने कूटनीतिज्ञ तथा अरु स्थानीय कर्मचारीहरुमा पनि कोरोनाको संक्रमण देखिएको अमेरिकी विदेश मन्त्रालयले जानकारी दिएको छ।

तर विदेश मन्त्रालयले यहाँका कतिजना कर्मचारीमा यसको संक्रमण देखिएको हो भन्ने बारेमा भने केही जानाकरी दिएको छैन। विदेश मन्त्रालयले यसको यकिन तथ्यांक नदिएको भए पनि त्यहाँ काम गर्ने करिब २० जनामा यो संक्रमण देखिएको पाइएको छ।

तीमध्येका धेरैजसो अफगानिस्तानको राजधानी काबुलको सो दूतावासमा सुरक्षा प्रदान गरिरहेका नेपाली गोर्खाहरु रहेको बताइएको छ।

तर दूतावासमा आवश्यक सबै स्वास्थ्य सुरक्षा मापदण्डहरु अपनाइएको बताउँदै संक्रमितहरुलाई आइसोलेसनमा राखिएको र आवश्यक स्वास्थ्य उपचारको प्रबन्ध गरिएको सो दूतावासले जनाएको छ।

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा कोभिड-१९ परीक्षणमा 'ढिलाई' गर्न सुझाब

एएफपी

ओक्लाहोमा । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोनाभाइरस सङ्क्रमणमा सम्लग्न स्वास्थ्यकर्मी तथा ल्यावका कर्मचारीलाई परीक्षणलाई क्रमशः ढिलो गर्न आग्रह गर्नुभएको छ। स्थानीय समय अनुसार शुक्रबार उहाँले 'जति परीक्षणलाई बढायो त्यति सङ्क्रमितको सङ्ख्या बढ्ने' भन्दे परीक्षणमा हतार नगर्न प्रोत्साहन गर्नुभएको हो।




ओक्लाहोमाको तुल्सामा कोरोनाभाइरस महामारीको बीचमा आफ्नो राष्ट्रपतिय अभियान शुरू गर्दैराष्ट्रपति ट्रम्पले भन्नुभयो, "हेर्नुस्, सबैलाई थाहा भएको कुरा यो चीनबाट फैलिएको हो तर मैले निर्णय गरेँ कि यसका बारेमा कुनै ठूलो निर्णय गर्नु पर्दैन।" उहाँले राष्ट्रपतिको नयाँ कार्यकालका लागि निर्वाचन अभियानको स्टेजमा उभिएर थालनी गर्नुभएको थियो।

उक्त अवसरमा उहाँले सङ्क्रमणबाट सुरक्षित हुनका लागि मुखमा मास्क लगाउनुभएको थिएन। उहाँको अभियानमा सहभागी हजारौँ शुभेच्छुकले पनि आफ्ना नेताको भावनालाई पछ्याउँदै मास्क तथा पञ्जाको प्रयोग गरेका थिएनन्। आफूले पहिले चीनबाट आउने सबै र पछि यूरोपबाट आउनेसमेत व्यक्तिको प्रबेशमा लगाएको प्रतिबन्धले समस्यालाई कम गरेको पुष्टि गर्ने प्रयास गर्दै ट्रम्पले भन्नुभयो।

"जब तपाईले त्यो ठूलो मात्रामा परीक्षण गर्नुहुन्छ धेरै नागरिक सङ्क्रमित भएको भेटिनेछ, "त्यसैले मैले अमेरिकी अधिकारीहरूलाई भन्ने गरेको छु कि हामीले परीक्षण गरिरहेको छौं तर नागरिकहरूलाई थाहा छैन के भइरहेको छ।"

ट्रम्पका अनुसार अमेरिकामा धेरै व्यक्ति (दुई करोड ५० लाख भन्दा बढी) को कोभिड-१९ परीक्षण भएकोले धेरै सङ्क्रमित देखिएको हो। चुनावी जुलुसको उद्घाटनका अवसरमा अमेरिकी राष्ट्रपतिले विद्यालय पनि खोल्नुपर्ने तर्क गर्दै भन्नुभयो, "बालबालिका हामीभन्दा धेरै शक्तिशाली हुन्छन्।"

अमेरिकी जोन हकिन्स विश्वविद्यालयको पछिल्लो तथ्याङ्क अनुसार अमेरिकामा आइतबारसम्ममा कूल २२ लाख ५४ हजार ६६२ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ। अमेरिकामा एक लाख १९ हजार ७१९सङ्क्रमितको मृत्यु भएको छ।

# दक्षिण कोरियामा शनिबार ६७ जना कोरोना भाइरस संक्रमित भेटिए

एएफपी

सोल । दक्षिण कोरियामा शनिबारमात्र ६७ जना नयाँ कोरोना भाइरसका संक्रमित भेटिएका छन्। निकै लामो समयपछि यहाँ एकै दिन यतिधेरै मानिस संक्रमित भेटिएका हुन्

यहाँका स्वास्थ्य अधिकारीहरुले गत मे २८ पछि यति ठूलो संख्यामा यहाँ पहिलो पटक यति ठूलो संख्यामा संक्रमित भेटिएका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन्।

शनिबार प्राप्त समाचारमा तीन हप्तापछि पहिलो पटक दक्षिण कोरियमा ६७ जना नयाँ संक्रमित भेटिएका छन् र तीमध्ये ३१ जना विदेशबाट आएका व्यक्ति हुन्। बाँकी दक्षिण कोरियाकै नागरिक संक्रमित भएका हुन्।

यहाँका स्वास्थ्य अधिकारीहरुले गत मे २८ मा यहाँ ७९ जना संक्रमित भेटिएका थिए। त्यसपछि यहाँ यति ठूलो संख्यामा पहिलो पटक संक्रमितहरु भेटिएका हुन्।

दक्षिण कोरिया कोरोना भाइरसको नियन्त्रणमा सफल देशका रुपमा मानिन्छ। यहाँ पछिल्लो समयमा उक्त प्रकोप नियन्त्रणमा रहेको पाइएको छ। प्राप्त समाचारमा यहाँ अहिलेसम्म १२ हजार ३७३ जना संक्रमित छन्। साथै यहाँका २८० जना नागरिकको यो भाइरसको संक्रमणबाट निधन भएको बताइएको छ।

दक्षिण कोरियामा मे महिनाको शुरुवात देखि नै कोरोना भाइरसको प्रकोपबाट बच्न सामाजिक दुरी कायम गर्नुका साथै स्वास्थ्यका विविध मापदण्डहरु निकै कडाइका साथ पालना गरिएको छ। जसका कारण यहाँ यो भाइरसको संक्रमण विश्वका अन्य देशको तुलनामा फैलिएको छैन।

# बेइजिङमा थप २२ व्यक्तिमा कोभिड-१९ सङ्क्रमण पुष्टि



एएफपी

बेइजिङ। चीनको राजधानी बेइजिङमा नयाँ विरामी भेटिएपछि सङ्क्रमितको गरिएका करिब २० लाख परीक्षणमा थप २२ जना सङ्क्रमित भेटिएको चिनियाँ अधिकारीहरूले बताएका छन्।

चीनले गत डिसेम्बरमा पहिलो कोभिड-१९ विरामी भेटेपछि करिब तीन महिनाको अवधिमा गरेको अथक प्रयासपछि चीनमा कोरोनाभाइरस सङ्क्रमण नियन्त्रणमा आएको बताएको थियो।

केही दिन पहिले चीनको राजधानी नजिकै रहेको सिनफादी मासु बजार क्षेत्रमा कार्यरत व्यवसायी तथा कर्मचारीमा सङ्क्रमण देखिएपछि उक्त बजारसँगको सम्पर्क रहने स्थानीय वस्ती र विद्यालयहरू बन्द गरेर परीक्षण तथा उपचारमातदारूकतादेखाएकोथियो।

आइतबार सङ्क्रमितमध्ये एक जना स्वास्थ्यकर्मी (नर्स) पनि रहेको बेइजिङले जनाएको छ। सिनफादीमा सङ्क्रमण देखिएपछि गरिएका परीक्षणमा अहिलेसम्म २२० जना सङ्क्रमित भेटिएका चिनियाँ समाचार संस्था सिन्ह्वाले स्थानीय अधिकारीलाई उद्धृत गरी उल्लेख गरेको छ।

पछिल्लो पटक सङ्क्रमण पुष्टि भएपछिसङ्क्रमण नियन्त्रणका लागि सिनफादी वरपरका करिब २०० वस्तीमा करिब २३ लाख नागरिकको कोभिड-१९ परीक्षण गरिएको बताइएको छ।

यसैबीच चीनले विदेशबाट आपूर्ति हुने खाद्य सामग्रीमार्फत कोरोना सङ्क्रमण भित्रिएको भन्दै परीक्षणलाई कडा पारेको छ। चीनको राजधानीस्थित एक मासु बजारबाट कोभिड-१९ सङ्क्रमित भेटिएको रिपोर्टसँगै खाद्य सामग्री (खासगरी सीफुड) को परीक्षणमा कडाई गरेको थियो।

चिनियाँ स्वास्थ्यविदहरूले पछिल्लो समय कोभिड-१९ सङ्क्रमित विरामीमा यूरोपमा कोरोना भाइरस सङ्क्रमित विरामीको जस्तो लक्षण भेटिएको उल्लेख गरिएको छ।

पछिल्लो चरणमा सङ्क्रमण पुष्टि भउका विरामीको लक्षण यूरोपका विरामीको लक्षणसँग मिल्दाजुल्दा रहेकोले यतिबेलाको सङ्क्रमण 'यूरोपका चीन भित्रिएको' चिनियाँ रोग नियन्त्रण तथा रोकथाम केन्द्रका झाङ योङले बताउनुभयो। चीनमा पछिल्लो चरणमा फैलिएको सङ्क्रमण यूरोपमा अहिले आउने विरामीकोभन्दा अलिक पूरानो स्वरूपको रहेको भेटिएको उहाँको दावी रहेको छ।

सिनफादी क्षेत्रका विदेशबाट ल्याइएका सालमन जातका माछा काटिने अचानामा सङ्क्रमण भेटिएको चिनियाँ अधिकारीले बताएका छन्।

यसै आधारमा चीनमा पछिल्लो समय देखिएको सङ्क्रमण यूरोपबाट चीन आपूर्ति हुने बरफमा राखी ल्याइएका सीफुडसँगै भित्रिएको हुनसक्ने झाङको दावी थियो।

# सर्वगुणी बेसारः महिमा अपार



चितवन । जानेर वा नजानेर नेपालीको घरघरमा प्रयोग हुने बेसार बहुउपयोगी भएको ज्ञान कमैलाई छ । कतिपयले रङका लागि मात्रै प्रयोग गरेको भए पनि यसले औषधिको काम गरिरहेको कमैलाई थाहा होला ।

नेपालीको भान्सामा मसलाका रूपमा प्रयोग हुने बेसार दर्जनौँ रोगको औषधि हुने विज्ञले बताएका छन् । मुख्य रूपमा रोगप्रतिरोधी क्षमता विकास गर्न सर्वगुणी बेसारले महत्वपूर्ण भूमिका खेल्ने उनीहरूको भनाइ छ ।

पतञ्जलि आयुर्वेद मेडिकल कलेज धुलिखेलका प्राचार्य, द्रव्यगुणविज्ञ प्रा डा श्याममणि अधिकारी बेसार रोगविरुद्ध लड्नका लागि उपयोगी हुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "बेसारले शरीरको शक्ति बढाउन मद्दत गर्छ ।" कोरोना जस्ता हजारौँ भाइरस प्रकृतिमा रहेको जनाउँदै उहाँले बेसारले भाइरसविरुद्ध लड्न केही न केही सहयोग पुऱ्याउने बताउनुभयो ।

बेसारमा पाइने गुणकारी तत्वले शरीरमा भाइरसले जन्माउने अरू भाइरस( प्रतिकृति) रोक्न मद्दत गर्ने तथा भाइरसको सङ्ख्या कम गर्ने विज्ञ बताउँछन् । प्रा डा अधिकारी बेसार मधुमेह, सुन्निनु, दुखाइ, घाउखटिरा, छालाका रोगको उपचारका साथै शरीरमा बोसो एवं चिल्लोको मात्रा घटाउन तथा आमाको दूधमा खराबी भएमा र दमखोकीमा पनि उपयोगी छ ।

यस्ते अप्राकृतिक रूपमा बढ्ने शरीरका कोष रोक्न यसले मद्दत गर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "शरीरभित्रै पनि विष बन्छ, त्यो विष नाश गर्न वा पचाएर स्वस्थ राख्न बेसार उपयोगी छ ।" शरीरमा बाहिरबाट आएको एलर्जी नाशका लागि पनि बेसार प्रयोग गरिने उहाँले बताउनुभयो । जीवाणु मार्न, रगत सफा गर्न तथा खाएको कुरा पचाउन बेसारले काम गर्ने अधिकारीको भनाइ छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चितवनका प्रमुख डा कोपिला अधिकारी आयुर्वेदका प्राचीन र अर्वाचीन( आधुनिक) ग्रन्थमा बेसारको प्रशस्त महिमा उल्लेख भएको बताउनुहुन्छ । विशेषतः व्याधिक्षमत्व(रोग प्रतिरोधात्मक क्षमता वृद्धि), प्रतिश्याय( रुघा),प्रमेह(मधुमेह),पाण्डु(रक्तअल्पता), व्रण(घाउखटिरा), कृमी(जुका) नाश र सौन्दर्य वृद्धिमा यसको प्रयोग गरिने उहाँको भनाइ छ ।

मस्तिष्कको ट्युमर रोकथामका लागि बेसारलाई तातो दूधमा फिटेर खानु उत्तम हुने उहाँ सुझाव दिनुहुन्छ । डा अधिकारी भन्नुहुन्छ, "वैज्ञानिक शोधहरूमा प्रकाशित तथ्याङ्कअनुसार बेसारमा भएका रासायनिक तत्वहरूमा नाकको एलर्जी, घाँटीको सङ्क्रमण, नेत्राभिष्य(आँखासम्बन्धी रोग) जीर्ण व्रण(घाउखटिरा), ढुसीजन्य सङ्क्रमण र क्यान्सरविरुद्ध लड्ने क्षमता हुन्छ ।"

कोरोना सङ्क्रमितको प्रयोगशाला परीक्षणबाट सङ्क्रमणको पहिलो हप्तामा सेतो एवं रातो रक्तकोशिका र हेमोग्लोबिनको सङ्ख्या घटेको पाइएको छ । यसले गर्दा सङ्क्रमितमा खतराका लक्षण देखिन सक्छ । साथै रोगसँग लड्ने क्षमता राम्रो भएको व्यक्तिमा दोस्रो हप्तादेखि सो सङ्ख्यामा वृद्धि भएको र खतराका चिह्न पनि नदेखिएको पाइएको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "कोरोनासँग लड्ने क्षमता वृद्धि गर्नु जरुरी छ ।" छिमेकी मुलुक भारतले आयुर्वेद र योग तथा चीनले परम्परागत चिनियाँ उपचार पद्धतिको प्रयोगबाट कोरोना भाइरस एक्टिभ केस सङ्ख्यामा उल्लेखनीय गिरावट ल्याउन सफल भएको अधिकारी बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीले पनि नेपालमा उपलब्ध हरिद्रार(बेसार), तुलसीलगायत भाइरसविरुद्ध सक्रिय औषधीय गुण भएका एवं गुर्जो, अश्वगन्धालगायत रोगसँग लड्ने क्षमता बढाउने खालका जडीबुटीको नियमित सेवन, योग, प्राणायामको नियमित अभ्यास, स्वस्थ आहार एवं जीवनशैलीको अवलम्बन गर्नुपर्छ ।"

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाका प्रमुख डा प्रशान्त पण्डित बेसार कोरोना रोगसँग लड्न सहयोगी हुने जिकिर गर्नुहुन्छ । मानिसमा रोगप्रतिरोधी क्षमता बढाउन बेसार उपयोगी हुने उहाँको भनाइ छ । छाला र रुघाखोकीको समस्या हटाउन तथा रोगप्रतिरोधी क्षमता बढाउन बेसारको उपयोगिता बढी भएको डा पण्डितको भनाइ छ । परापूर्वकालमा मसलाका रूपमा भान्सामा प्रयोग हुने बेसार शरीरको सौन्दर्यका लागि हुँदै आयुर्वेद औषधिका रूपमा प्रयोग हुन थालेको उहाँको भनाइ छ ।

भरतपुर अस्पतालका फिजिसियन डा महेन्द्र अग्रहरि पनि बेसारले सङ्क्रमणलाई कम गर्न सहयोग पुग्ने जिकिर गर्नुहुन्छ । यसले चिसोबाट हुने सङ्क्रमण रोक्ने काममा भूमिका खेल्ने उहाँको भनाइ छ ।रासस

# खाद्य पदार्थ निःशुल्क 'होम डेलिभरी'

काठमाण्डु । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको खाद्य पदार्थ सस्तोडील कम्पनीले उपत्यकाभित्र डेलिभरी चार्ज नलिई घरघरमा पुऱ्याउँदै आएको छ ।

चक्रपथ बाहिर होम डेलिभरीका लागि खाद्यले सो कम्पनीसँग व्यापार साझेदारी गरी सेवा प्रवाह गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्रप्रसाद सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त कम्पनीले गत आइतबारदेखि निःशुल्क (डेलिभरी चार्ज नलिई) रूपमा खाद्य पदार्थको डेलिभरी गर्दै आएको छ । "बन्दाबन्दीमा चक्रपथभित्र डेलिभरी गरिएको थियो, चक्रपथ बाहिर डेलिभरीको शुरुआती चरण हुँदा खासै अनलाइन अडर आएको छैन्", उहाँले भन्नुभयो, "दिनमा पाँचदेखि १० स्थानबाट आएको अडर सस्तो डिलले डेलिभरी गर्दै आएको छ ।" बन्दाबन्दीको समयमा निःशुल्क रूपमा डेलिभरी र कम्पनीले खाद्य पदार्थ खरिदमा १० प्रतिशत छुट दिइएको छ ।

उपभोक्ताले माग गरेको दुई दिनभित्रमा डेलिभरी गरिएको सस्तो डिलले जनाएको छ । नारायणस्थान, पेप्सीकोला, भक्तपुर, भैँसीपाटी, हात्तीवन लगायतका स्थानबाट आएको माग अनुसार हेलिभरी गरिएको सस्तो डिलका प्रमुख वाणिज्य आधिकृत (पिसिओ) अमीतेश राईले जानकारी दिनुभयो । उहाँका अनुसार खाद्यसँग सडक सुविधा भएका स्थानमा डेलिभरी गरिने गरी सम्झौता भएको छ ।

सस्तोडिलबाहेक खाद्यले हाम्रो किरानासँग पनि व्यवसायी साझेदारीको तयारी गरिएको प्रमुख कार्यकारी अधिकृत सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार उपभोक्तालाई सहज र सुलभ रूपमा सेवा प्रवाह गर्न माग अनुसारका विभिन्न खाद्य पदार्थहरू बिस्तारै थप गर्दै लगिनेछ ।

शुरुआती चरणमा चामल, दाल, केराउ र कर्णालीको सिमी अनलाइनमार्फत बिक्री गरिएकामा बिस्तारै विभिन्न कम्पनीसँगको समन्वयमा अन्य सामग्रीहरू थप गरिएको छ ।

कम्पनीले गत आइतबारदेखि वाल्ट्रा कम्पनीको इन्फ्रारेड चुलो र जडीबुटी प्रशोधन कम्पनीसँगको सहकार्यमा सानिटाइजर बिक्रीमा राखेको छ । बन्दाबन्दीमा कम्पनीसँग भएको चिनियाँ इन्फ्रारेड चुला सकिएपछि कम्पनीले वाल्ट्रा कम्पनीसँग समन्वय गरेर रु चार हजारमा चुलो बिक्रीमा राखेको छ । बजार मूल्यभन्दा सस्तोमा चुलो बिक्रीमा राखिएको उहाँले जानकारी दिनुभयो । यसैगरी खाद्यले साल्ट ट्रेडिङ लिमिटेडसँग समन्वय गरी गहुँको पीठो र आयो नून, डिडिसीसँग समन्वय गरी शुद्ध घ्यू बिक्री गर्दै आएको छ ।

कम्पनीसँग भएको रञ्जित स्टिम चामल, सोना चामल, जापानिज चामल, कर्णालीमा उत्पादित सिमी, केराउ दाना, मुसुरो र रहरको दाल अनलाइनमार्फत बिक्री वितरण हुँदै आएको छ ।

अनलाइन बिक्री वितरणबाहेक काठमाण्डु उपत्यकाका बिक्री काउन्टर थापाथली, रामशाहपथ, नखबु, लगनखेल र सूर्यविनायक गरी पाँच स्थानबाट सेवा प्रदान गर्दै आएको छ ।

प्रतिव्यक्ति रु दुई हजारदेखि पाँच हजारसम्मको खरीदमा १० प्रतिशत छुट दिँदै आएको छ । अनलाइनमार्फत अडर गर्न नेपाल बैंक लिमिटेड र सेञ्चुरी बैंकको खल्ती वा ई-सेवामार्फत 'ई-पेमेन्ट' गरेर सामान माग गर्नसकिने व्यवस्था गरेको छ ।रासस

# बजेट व्यवहारिक र कार्यान्वयनयोग्य : आर्थिक मामिलामन्त्री ज्वाला

सुर्खेत । कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि प्रदेश सरकारले ल्याएको बजेट 'व्यवहारिक र कार्यान्वयनयोग्य' भएको बताउनुभएको छ ।



कर्णाली प्रदेशसभाको शनिबार बसेको बैठकमा प्रदेशसभाका सदस्यहरूले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले बजेट प्रदेशको आवश्यकता र वर्तमान परिवेशअनुरुपको आएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "आगामी आवमा हामीले बजेट महामारी, भोकमरी र रोजगारी केन्द्रित गरेर ल्याएका छौँ । प्रशासनिक खर्च कटाएर यथार्थमा १५ प्रतिशतमा झारिएको छ भने चालू खर्च घटाएर ३४ प्रतिशतमा खुम्च्याइएको र पूँजीगत खर्च बढाइएको भन्दै प्रशासनिक एवं चालू खर्च करिब ६० प्रतिशतमा सीमित गरिएको छ ।"

प्रदेश सरकार राजश्वका स्रोत खोज्ने र आन्तरिक स्रोतको पहिचान गर्ने काम लाग्ने बताउनुभएका उहाँले छ प्रतिशत आर्थिक वृद्धि गर्ने शर्तसहित बोलेको बताउनुभयो । "हालको विषम परिस्थिति सामान्य हुनासाथ बजेट कार्यान्वयनबाट चालू एवं निर्माणाधीन आयोजनाका कार्यान्वयनमा तीव्रता आउनेछ । रणनीतिक भौतिक पूर्वाधारका काम अघि बढ्नेछन् । नागरिकको सहज जीवनयापनको वातावरण तयार हुनेछ, जसबाट छ प्रतिशत आर्थिक वृद्धिदर हुने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो ।

बजेटको आयतन घटेका कारण नयाँ कार्यक्रम समावेश नगरिएको भन्दै उहाँले कुनै पनि अधुरा र क्रमागत योजना सम्पन्नताका लागि योजनालाई प्राथमिकता दिइएको मन्त्री ज्वालाले बताउनुभयो ।

योजनाको छनोट प्रक्रियामा सुधार ल्याउन केही अन्योलता भएको भन्दै उहाँले अझै छलफल गरेर अघि बढ्नुपर्नेमा जोड थियो । महिला केन्द्रित हुनेगरी ३७ प्रतिशत प्रत्यक्ष, ४१ प्रतिशत अप्रत्यक्ष र २२ प्रतिशत तटस्थ हुनेगरी लैङ्गिक उत्तरदायी बजेट ल्याइएको उहाँको भनाइ थियो ।

**जनप्रतिनिधि र राजनीतिक पदाधिकारी उपभोक्ता समितिमा नरहने**

उहाँले उपभोक्ता समितिमा जनप्रतिनिधि र राजनीतिक पदाधिकारी नरहने गरी व्यवस्था किटानीका साथ कानूनीरुपमै गर्ने गरी सरकार अघि बढेको र यसमा घनिभूत छलफलको आवश्यकता रहेको बताउनुभयो । सरकारले जनप्रतिनिधि र राजनीतिक पदाधिकारीका परिवारका सदस्य उपभोक्ता समितिमा बस्ने नपाउने कुरा बजेटले ल्याएको छ ।

रु एक करोडसम्मका कार्यक्रममा डोजर प्रयोग नगरी नागरिकलाई श्रमसँग जोडेर रोजगारीको व्यवस्था गर्ने तर जटिल काममा कार्यविधि निर्माण गरेर डोजर प्रयोग गरिने उहाँको भनाइ थियो । मानिसलाई श्रमसँग जोड्न सकिए मात्र रोजगारी सिर्जना हुने बताउँदै उहाँले कार्यान्वयन निकै पेचिलो बन्दै जाँदा अपेक्षित प्रतिफल हात नपरेको बताउनुभयो ।

उहाँले सङ्गठन संरचना र व्यवस्थापन काम अलि बढी समय लाग्दा पहिलो चौमासिकमा काम गर्न समय कम भएको, भौगोलिक विकटता र जाडोले दोस्रो चौमासिकमा काम हुन नसकेको र तेस्रो चौमासिक कोभिड-१९ बाट प्रभावित भएकाले चालू आवको बजेट तथा कार्यक्रम कार्यान्वयनमा ठूलो अवरोध आएको स्पष्ट पार्नुभयो । मन्त्रीका क्षेत्रमा बजेट केन्द्रित भएको भन्ने कुरा निराधार भएको उहाँको भनाइ थियो ।

सुर्खेत-हिलसा सडकलगायतका राष्ट्रिय तथा प्रदेश गौरवका आयोजना निर्माणलाई प्राथमिकतासाथ जोड दिइने, स्थानीय तहका जनप्रतिनिधिको सेवासुविधासम्बन्धी ऐन संशोधन गर्ने र उहाँहरूलाई सुविधा उपलब्ध गराउने उहाँले बताउनुभयो । उहाँले प्रदेश सरकारको विनियोजन विधेयक छलफलका लागि प्रदेशसभामा पेश गर्नुभएको थियो ।रासस

# आर्थिक समृद्धि, कृषि र रोजगारी

बुटवल । प्रदेश नं ५ सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७७/७८ को बजेटले कोभिड-१९ बाट सिर्जित आर्थिक मन्दीबाट शिथिल बनेको प्रदेशको अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउँदै उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ ।

प्रदेश सरकारले यसका लागि कोभिड-१९ को फैलावटले उत्पन्न हुन गएको प्रतिकूल परिस्थितिलाई अर्थतन्त्रमा संरचनागत परिवर्तन ल्याउने अवसरका रूपमा बदल्ने प्रतिबद्धतासहित आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट र कार्यक्रम केन्द्रित गरिएको उल्लेख गरेको छ ।

प्रदेश ५ सरकारले प्रस्तुत गरेको बजेटले कोभिड-१९ को सङ्क्रमण नियन्त्रणसँगै जनतालाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा पुर्‍याउन स्वास्थ्य क्षेत्रको विकास, कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरणसँगै औद्योगिकरणमार्फत रोजगारीको अवसर सिर्जना गर्न जोड दिएको छ ।

कृषि, उद्योग, पर्यटन, श्रममूलक सार्वजनिक निर्माण, लघु, घरेलु तथा साना उद्यमको प्रवर्द्धन गर्दै रोजगारी एवं स्वरोजगारीको थप अवसर निर्माण गर्ने, दक्षता अभिवृद्धिका माध्यमद्वारा देशभित्र प्रयोग भएको विदेशी श्रमलाई विस्थापन गर्ने र वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई रोजगारीको अवसर सिर्जना गरी आर्थिक वृद्धि हासिल गर्ने बाटोसमेत औँल्याइएको छ ।

कोभिड-१९ महामारीका कारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रूपमा लिई रोजगारी गुमाएका नागरिकको जीविकोपार्जन सुधार गर्न कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र आत्मनिर्भरता अभिवृद्धि गर्नेगरी तीन तहका सरकारहरूबीचका कार्यक्रममा सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिने कार्यक्रम बजेटले अघि सारेको छ । सरकारले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा उपलब्ध साधनस्रोतको अधिकतम परिचालन गरी तीव्र आर्थिक वृद्धिका माध्यमबाट समृद्धि हासिल गर्ने विगतको प्रतिबद्धतालाई दोहोर्‍याएको छ ।

मुख्यमन्त्री तथा आर्थिक मामिला मन्त्री शंकर पोखरेलले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गर्नुभएको रु. ३६ अर्ब ३५ करोड २५ लाख कूल विनियोजनमध्ये चालुतर्फ रू. १२ अर्ब ५९ करोड २४ लाख ९८ हजार पूँजीगततर्फ रू. १८ अर्ब ६१ करोड ९९ लाख ५२ हजार रहेको छ । यस्ते स्थानीय तह वित्तीय हस्तान्तरणका लागि रू. ५ अर्ब १४ करोड ५० हजार विनियोजन गरेको गरिएको छ ।

बजेटमा आगामी आर्थिक वर्षमा प्रदेशको ७ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ । प्रदेशको स्वास्थ्य पूर्वाधारमा सुधारसँगै सेवामा पहुँच वृद्धि हुने, कृषि, उद्योग, पर्यटन, सिँचाइ, खानेपानी, सडक तथा शिक्षालगायतका क्षेत्रमा गरिएको लगानीबाट अर्थतन्त्रमा गतिशीलता आई समृद्ध प्रदेश र खुशी जनता लक्ष प्राप्तिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सरकारको अपेक्षाअनुसार आर्थिक बृद्धि हासिल हुनेमा प्रदेश योजना आयोगका उपाध्यक्ष डा.इश्वर गौतम पनि विश्वस्त हुनुहुन्छ । उहाँले भन्नुभयो- "कोभिड १९ को प्रभाव कम हुँदै जादा प्रदेशका उद्योग, कलकारखाना संचालनमा आउने र सबै किसीमका आर्थिक गतिविधि चलायमान हुँदा आर्थिक बृद्धिको लक्षमा पुग्न सहज हुनेछ ।"

**'जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ'**

प्रदेश सरकारले कोभिड १९ महामारी बिरुद्धको अभियानमा सबै तहलाई परिचालन गरेर महामारीलाई जित्ने रणनीति अपनाएको उल्लेख गरिएको छ । सरकारले 'जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ' भन्ने मान्यता राखेर महामारी विरूद्धको अभियानमा उपलब्ध सबै साधन स्रोतको परिचालन गरी नागरिक जीवनको सहजताका लागि अधिकतम कोशिस गरिएको उल्लेख छ ।

प्रस्तुत बजेटमा मुख्यमन्त्री तथा आर्थिक मामिला मन्त्री पोखरेलले कोभिड १९ को कारण वैदेशिक रोजगारीमा गएका नागरिक नेपाल फर्कने चाप बढेसँगै स्वदेशमै रोजगारीका थप अवसरहरू सिर्जना गर्नुपर्ने वाध्यात्मक स्थिति सिर्जना भएको औँल्याउनुभएको छ ।

सरकारले प्रस्तुत गरेको बजेटले मुख्यतया स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकतामा राखेर ल्याएको प्रदेश योजना आयोगका उपाध्यक्ष डा. गौतम बताउनुहुन्छ । उहाँले भन्नुभयो- " बजेटले स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि पूर्वाधार, जनशक्ति क्षमता बिस्तार गरी स्वास्थ्य सेवामा आम जनताको पहुँच बढाउने बजेटले मुख्य उद्देश्य राखेको छ ।''

उहाँले प्रदेशका सबै जिल्लाका अस्पतालहरूको स्तरोन्नति गरि ५० श्यया बनाउने र भवन नभएका अस्पतालहरूको भवन निर्माणका लागि थप बजेटको ब्यवस्था हुनुलाई सरकारले स्वास्थ्य क्षेत्रको विकासमा महत्व दिएको बताउनुहुन्छ । यस्ते प्रदेश मातहतका सरकारी अस्पतालको पूर्वाधार विकासमा आवश्यक बजेट बिनियोजन गरेर जनतालाई स्वास्थ्य सेवाका लागि सहज बनाउने काम गरेको छ ।

कोभिड १९ द्धारा सिर्जित परिस्थितिबाट पाठ सिक्दै स्वास्थ्य क्षेत्रका जनशक्तिको क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन गरी प्रदेशमा स्वास्थ्यसम्बन्धी आवासीय तालिम सञ्चालन र तालिम केन्द्रको पूर्वाधार विकासमा समेत आवश्यक बजेट बिनयोजन गरिएको छ ।

**हात हातमा कृषि सामग्री, गाउँ गाउँमा रोजगारी**

बजेटले कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्न भूमि बैंकका माध्यमबाट बाँझो जमिन भाडामा लिइ खेतीगर्ने र कृषि उत्पादनलाई बजारीकरण गरेर आर्थिक बृद्धिमा सघाउ पुर्‍याउने लक्ष राखिएको छ । कामको खोजीमा विदेशिनुपर्ने अवस्थाको अन्त्य गर्नुका साथै कृषि, उद्योग, निर्माण, खानी, पर्यटनलगायतका क्षेत्रमा गाउँघरमै रोजगारी र स्वरोजगारीका अवसर जुटाउने कुरामा बजेटलाई केन्द्रित गरिने समेत उल्लेख गरिएको छ ।

प्रदेशमा चालू आर्थिक वर्षसम्म ४ सय ६६ हेक्टरमा सञ्चालनमा रहेको करार खेती कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा सङ्घीय कार्यक्रमसँग दोहोरो नपर्ने गरी भूमि बैंकको अवधारणाअनुसार जग्गाधनी र खेती गर्न चाहने कृषकबीच सरकारी मध्यस्थतामा जग्गा बाँझो नराख्ने र विदेशबाट फर्किएका कम्तीमा तीन हजार युवालाई कृषि व्यवसायी बनाउने गरी जग्गा भाडा वापतको रकम, उत्पादन सामग्रीको उपलब्धता र आवश्यक पूर्वाधार विकासमा सहयोगको व्यवस्था गरिएको छ ।

कोभिड १९ का कारण वैदेशिक रोजगारमा परेको असरसम्बन्धी अध्ययन प्रतिवेदन अनुसार वैदेशिक रोजगारीबाट फर्कनेहरू मध्ये ७० प्रतिशतभन्दा बढीले पेशा व्यवसाय गर्न चाहना राखेको देखिएकोले प्रदेशमै पेशा व्यवसाय गर्न युवाहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले लघु घरेलु तथा साना उद्योग विकास कोष स्थापना गरी सहुलियत ऋणका लागि ब्याज अनुदान प्रदान गर्न बजेटमा रू. १० करोड विनियोजन गरिएको छ ।

यस्ते कृषि क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नविनतम प्रविधिको उपयोग बढाउँदै युवा पुस्तालाई आकर्षित गर्ने र कृषिलाई आत्मनिर्भर अर्थतन्त्रको आधारशीलाको रूपमा विकास गर्ने समेत लक्ष बजेटले लिएको छ ।

**'स्वदेशी श्रम, स्वदेशमै पसिना'**

बजेटमा 'स्वदेशी श्रम, स्वदेशमै पसिना' को नीतिअनुसार 'हात हातमा कृषि सामग्री, गाउँ गाउँमा रोजगारी' अभियान सञ्चालन गरी प्राविधिक सेवा प्रवाह, उत्पादन सामग्रीहरूको उपलब्धतालगायत कोभिड विशेष कृषि कार्यक्रममार्फत थप ४२ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

प्रदेश नं. ५ का झण्डै सात लाख नागरिक भारत तथा तेस्रो मुलुकमा रोजगारीका लागि गएको केही समय पहिले आयोगले गरेको एक सर्बेक्षणमा देखाएको छ । यीमध्ये तीन लाख भारतमा मात्र रहेको अनुमान छ । कोभिड १९ को महामारी पश्चात अहिले भारतबाट रोजगारी गुमाएर झण्डै दुई लाखको सङ्ख्यामा स्वदेश फर्किएको प्रदेश योजना आयोगका उपाध्यक्ष डा. गौतमले बताउनुहुन्छ ।रासस

# सडकको लापरवाहीले टेलिफोन र एडिएसएल सेवा अवरुद्ध

काठमाण्डु । सडक विस्तारका क्रममा गोकर्णेश्वर नगरपालिका-४ चौतारा उकालोमा ढल बिच्छ्याउनेक्रममा शनिबार बेलुकी नेपाल टेलिकमको अप्टिकल फाइबर काटिँदा यस क्षेत्रको ल्यान्डलाइन टेलिफोन र एडिएसएल सेवा अवरुद्ध भएको छ ।

शनिबार बेलुकीदेखि अवरुद्ध भएको नगरपालिका-१, २, ३ र ४ गरी चारवटा वडाको सेवाका कारण एक हजार ६०० टेलिफोन एवं एडिएसएल सेवा अवरुद्ध भएको नेपाल टेलिकम जोरपाटी शाखाका प्रमुख खगेन्द्र कटुवालले राससलाई जानकारी दिनुभयो । टेलिफोन सेवा अवरुद्ध हुँदा बन्दाबन्दीमा घरमै बसेर इन्टरनेट सेवाका माध्यमबाट काम गरिरहेका मानिस प्रभावित भएका छन् ।

घरमै बसेर काम गरिरहेका बेला पूर्वसूचना एक्कासि सेवा अवरुद्ध हुँदा दुख पाएको स्थानीयवासी श्यामबहादुर श्रेष्ठले गुनासो गर्नुभयो । निजी सवारी पनि जोर-बिजोर प्रणालीमा चलाउन पाइने भएकाले आजदेखि कसरी काम गर्ने भन्ने चिन्ता बढेको उहाँको भनाइ थियो । ढल बिच्छ्याउने क्रममा काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले समन्वय नगर्दा यो समस्या आएको टेलिकमले जनाएको छ ।

जोरपाटी-सुन्दरीजल सात किमी सडक विस्तारका क्रममा हाल ढल बिच्छ्याउने, रूख काट्ने, पर्खाल लगाउनेलगायत काम भइरहेको छ । रूख काट्ने बेलामा खबर गरेकाले टेलिकमका कर्मचारीसँगसँगै बसेर काम भएकाले टेलिफोन सेवा अवरुद्ध नभएको कार्यालय प्रमुख कटुवालले सुनाउनुभयो ।

विकास निर्माणका काममा सरकारी कार्यालयबीच नै समन्वय नहुँदा विद्युत्, टेलिफोन र खानेपानी जस्ता अत्यावश्यक सेवा पटकपटक अवरुद्ध हुने गरे पनि सरोकार भएका निकायको ध्यान जान सकेको छैन । रासस


## कमला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### माचि झिटकहिया, धनुषा
२ नं प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः-२०७७।०३।०८

उपरोक्त विषयमा यस कार्यालयवाट मिति २०७७।०२।०६ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्र मध्ये तपसिल वमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्र दाताको नाम र ठेगाना | कवोल रकम (मू.अ.क.सहित) |
|---|---|---|---|
| KM/Goods/ 05/076-77 | supply, delivery and installation of Solar in different Wards of Kamala Municipality | जे.वि.ईन्टरप्राईजेज, जनकपुर-१ | ५४,५८,८१५।०० |
| KM/ Goods/ 06/076-77 | Supply and installation of Street Light/ Tower Light with all complete. | जे.वि.ईन्टरप्राईजेज, जनकपुर-१ | ६०,३०,४४२।७५ |
| KM/ Goods/ 07/076-77 | Street Light/ Tower Light and Vapour Light in different Wards of Kamala Municipality | जे.वि.ईन्टरप्राईजेज, जनकपुर-१ | ५९,६५,८०१।०० |
| KM/Goods/ 08/076-077 | pole ,wire and assosories of different ward and procurement of Transformer | कन्चन कन्स्ट्रक्सन, जनकपुर | १८,५०,७५२।१९ |
| KM/Goods/ 09/076-077 | Procurement of sanitary Pads | आदित्य ईन्टरनेशनल , जनकपुर-२ | ११,०३,८२९।८८ |

नि.प्रमुख प्रशासकीय अधिकृत

# नागरिकता संशोधन गरि विदेशी महिलाको अधिकार नेकपाले बञ्चित गर्यो : यादव

सिकेन्द्र पासवान

कलैया । नेपाली काँग्रेसका केन्द्रीय सदस्य राधेचन्द्र यादवले नेकपा सरकारले प्रस्ताव गरेको नागरिकता संशोधन बिधेयकले विदेशी बुहारीको अधिकार माथि खेलवाड गर्न खोजेको आरोप लगाएका छन् ।

नेपाली कांग्रेस बाराले प्रस्तावित नागरिकता संशोधन बिधेयकको विरूद्ध प्रदर्शनपछि कलैया भरत चोकमा आयोजित कार्यत्रमलाई सम्बोधन गर्दै केन्द्रीय सदस्य यादवले विवाहको ७ पछि ल्याईएको विधेयकले विदेशी बुहारीको मानव अधिकारको हनन गर्दै छोराछोरीलाई पढनपाउनु पर्ने नैसर्गिक अधिकारमाथि दमन गर्न खोजेको आरोप उनले गलाएका छन् ।

भारतसंग रहेको रोटीबेटीको सम्बन्धलाई विगार्दै कोरोना महामारीमा १० अर्बको हिसाब किताब सार्वजनिक नगरी भ्रष्टाचार गरेको आरोप साँसद यादवको रहेको छ । सोहि कार्यत्रमलाई सम्बोधन गर्दै पुर्व सहायक मन्त्रि कलावती पासवानले किसानहरूलाई सरकारले धान रोपाईको सिजनमा मलखाद्ध उपलब्ध गराउनुको साटो भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाउदै बिधीको शासनलाई समेत कुल्चने गरेको बताईन ।

दलित भएकै कारण कयौले ज्यान गुमाई रहदा पनि राजनितिक कार्यकर्ताहिरुलाई संरक्षण गर्ने काम गर्नुको साथ साथै बलात्कार जस्ता जघन्य अपराधका घटनाका अपराधीहरुलाई पत्राँउ गर्न नसक्नु यो सरकारको गैर जिम्मेवारी रहेको बताई ।



कोणसभामा क्षेत्रीय सभापति सुनिल गुप्ता, रामप्रवेश यादव, उपसभापति सुरेन्द्र गुप्ता, सचिव हरेन्द्र यादव, कलैया उपमहानगरपालिकाका नगर प्रमुख राजेश राय यादव, महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादव, करैयामाई गाउपालिकाका अध्यक्ष भुनेश्वर धामी, उपाअध्यक्ष चित्रलेखा चौधरी, महागढीमाई नगरपालिकाका उपप्रमुख तारादेवी कानु लगायतकाले सरकारको रवैयाप्रति असन्तुष्टि जनांउदै नसिचए सडक देखि सदन सम्म तताउनेमा नेपाली कांग्रेस तयार रहेको कुरामा जोड दिएका थिए । नेपाली कांग्रेस बाराका सभापति जयचन्द्र चौरसियाको सभापतित्वमा भएको कार्यत्रममा सञ्चालन नेपाल तरूणदल बाराका लुकेश सिंहले गरेका थिए ।

त्यसै गरि जनता समाजवदी पार्टी पनि सो बिधेयकको बिरोध गरेका छन् । पार्टी अध्यक्ष अजय पटेलको नेतृत्वमा निकालिएको बिरोध र्‍याली भरतचोकमा आई सम्पन्न भएको थियो । कार्यत्रमलाई संघिय साँसद रामबाबु कुमार यादव, प्रदेश साँसद पारस साह, महिला नेतृ पिनकी यादव, प्रवक्ता अरुण कुमार सिह लगायतकाले सम्बोधन गरेका थिए ।

# नेकपा नेता मातृका यादवको आरोप-पार्टीमा घोर मण्डले राष्ट्रवादी चिन्तन हावी भयो

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य मातृका प्रसाद यादवले विदेशबाट विवाह गरेर आउने महिलालाई ७ बर्षपछि नागरिकता दिने आफ्नै पार्टीले गरेको निर्णयप्रति असहमति जनाएका छन् ।

'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक बारे हाम्रो पार्टी नेकपाको सचिवालयले गरेको निर्णयप्रति पूर्ण असहमति छ' पूर्व उद्योग मन्त्री समेत रहेका नेता यादवले आईतबार प्रेस बिज्ञप्ती जारी गर्दै भनेका छन्, "उक्त ७ वर्षे प्रावधानले ७ वर्षसम्म राज्यबिहीन बनाउँदै राजनैतिक, आर्थिक र साँस्कृति शोषण गर्ने र मानसिक प्रताडना दिने देखिन्छ ।"

यस प्रकारका निर्णयले मधेशी समुदाय मात्र नभई समग्र



महिलाहरूको पनि प्रगति, विकास र समृद्धिमा ठुलो कुठाराघात हुने उनले बिज्ञप्तीमा उल्लेख गरेका छन् ।

नेपालको भारतसँगको सांस्कृतिक, धार्मिक, भाषिक तथा आर्थिक सम्बन्ध बैद्धिककालदेखि रहँदै आएको जनाउँदै उनले सिमानामा बस्ने नेपालीहरुले भारतीयसँग व्याप्क रुपमा वैवाहिक सम्बन्ध गाँस्ने गरेकोले उक्त ७ बर्षे प्रावधानले नेपाली बुहारीलाई ७ बर्षसम्म राज्यबिहीन बनाउँदे राजनीतिक, आर्थिक र सांस्कृतिक शोषण गर्ने तथा मानसिक प्रताडना दिने देखिएको बताएका छन् ।

राष्ट्रिय सहमतिद्धारा निर्मित नेपालको अन्तरिम संविधान २०६३ को मर्म विपरित बर्तमान नेपालको संविधानको धारा २८९ मा राष्ट्रपति, प्रधानमन्त्री लगायत राज्यको १० प्रमुख पदाधिकारीको पदमा अंगीकृत नागरिकको निर्वाचन, मनोनयन वा नियुक्ति हुन नसक्ने प्रावधान हुँदाहुँदै नागरिकता ऐनमा नेपाली नेपाली पुरुषसँग विवाह गरेर आउने विलेशी महिलाले ७ बर्षपछि मात्रै अंगीकृत नागरिकता पाउने प्रावधान राख्नुको औचित्य र आवश्यक्ता नभएको नेता यादवले बताएका छन् ।

'तत्कालिन नेकपा (माओवादी) को देशभक्तिपूर्ण सोचमाथि केहि पार्टीमा रहेको घोर मण्डले राष्ट्रवादी चिन्तन हावी भएर संघीयता बिनाको नेपालको अन्तरिम संविधान २०६३ जारी हुँदा मधेश बिद्रो भएको स्मरण गर्नु जरुरी छ' बिज्ञप्तीमा भनिएको छ, "तसर्थ समय छँदै मण्डले राष्ट्रवादी चिन्तनबाट मुक्त भएर देशभक्तिको भावनाले ओतप्रोत भई राष्ट्रिय सहमति अनुसार नागरिकता ऐन संशोधन गर्न गराउन सम्बन्धित पक्षलाई अनुरोध गर्दछु ।"

यसअघि नेकपाका प्रदेश २ का अध्यक्ष प्रभु साहले पनि यो निर्णयप्रति असन्तुष्टि जनाएका थिए ।

# नेकपाको नागरिकता सम्बन्धि निर्णयको विरोधमा प्रदर्शन



टुडे समाचारदाता

वीरगञ्ज । सरकारले ल्याइरहेको बैबाहिक अंगिकृत नागरिकता विधेयकको विरोधमा आइतबार विरगञ्जमा बिरोध प्रदर्शन गरिएको छ ।

आइतवार दिउँसो नेपाली कांग्रेस पर्साले आयोजना गरेको विरोध कार्यत्रममा केन्द्रिय तथा जिल्ला नेताहरुको उपस्थिती रहेको थियो । भारतबाट बिहे गरेर आएकी महिलालाई ७ वर्ष पश्चात नागरिक्ता दिने निर्णयको कार्यत्रममा चर्को बिरोध गरिएको थियो ।

यसै गरि जनता समाजवादी पार्टीका युवाहरुले पनि सो विधेयकको बिरोध गर्दै विरगञ्जमा प्रदर्शन गरेका छन् । वीरगंजको घण्टाघरमा बिहानैदेखी जनता समाजवादी पार्टी नगर कार्य समितिले विरोध प्रदर्शन गर्नुको साथै घण्टो सम्म यातायात अवरोध गरेका थिए । विरोध गर्दै सांकेतिक सन्देशको रुपमा नेपाल सरकारलाई नागरिक्ता पारित भएको विधेयक शंसोधन गरी संविधानमा राख्नु पर्ने उनीहरुको माग रहेको छ ।

नगर कार्य समितिका अध्यक्ष ईश्वर यादव, उपाध्यक्ष शेख रुषतम र पार्टी नेता मनमोहन पाण्डेको संयुक्त नेतृत्वमा विरोध कार्यत्रम गरिएको थियो । शान्ति पूर्वक विरोध कार्यत्रममा सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

# बढी भिडभाड हुने कार्यालय बन्द रहने

टुडे समाचारदाता

मलगंवा । नेपाल सरकारले देश भरका सबै सरकारी कार्यालय दुई सिफ्टमा संचालन गर्ने निर्णय गरेपनि सर्लाहीमा भने केही महत्वपूर्ण कार्यालयहरु भने बन्द गरिएको छ ।

सर्लाहीमा बढ्दै गएको कोरोना संक्रमणलाई मध्येनजर गर्दै जिल्ला प्रशासन कार्यालय मलंगवाले एक सूचना प्रकाशित गरी जिल्ला प्रशासन कार्यालय मलंगवा सहित ईलाका प्रशासन कार्यालय हरिवन र बरहथवा, भूमिसुधार एवं मालपोत कार्यालय मलंगवा, मालपोत कार्यालय हरिवन र बरहथवा, नापी कार्यालय मलंगवा, हरिवन र बरहथवालाई अर्को आदेश वा निर्णय नभएसम्म बन्द राख्न निर्देशन दिएको छ ।

सर्लाहीमा कोरोना भाईरस संक्रमितहरुको संख्या दिनप्रतिदिन बढ्दै गईरहेकोले यस्तो अवस्थामा धेरै भिडभाड हुने सरकारी कार्यालयहरुबाट सेवा प्रवाह गर्दा संक्रमणको जोखिम भन्ने बढ्न जाने सम्भावनालाई दृष्टिगत गरी समुदायलाई कोरोना भाईरसको संक्रमणको जोखिमबाट जोगाउन', ती




कार्यालयहरु बन्द राख्न निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताए ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रमण रोग ऐन, २०२० को दफा २ अनुसार मिति २०७७ असार १ देखि २ शिफ्टमा प्रवाह गर्ने भनिएका सेवाहरु अर्को आदेश वा निर्णय नभएसम्मको लागि अत्यन्त भिडभाड हुने सरकारी कार्यालयहरुबाट प्रवाह नगरिने जिल्ला संकट व्यवस्थापन केन्द्रको गत जेठ ३२ को निर्णय अनुसार यस्तो निर्णय गरिएको प्रजिअ जिसीले बताए । जिल्ला प्रशासन,इलाका प्रशासन , मालपोत र नापी कार्यालयमा अत्यन्त भिडभाड हुने भएकाले ती सरकारी कार्यालय बाहेकका अन्य कार्यालयबाट भने बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म गरी २ शिफ्टमा सेवाग्राहीहरुलाई सेवा प्रवाह हुने छ ।

# हत्याको आरोप खेपी रहेको ब्यक्ति लकडाउनमा जेलबाट छुटनु दुखत : हरिचरण

सिकेन्द्र पासवान

कलैया । फेटा गाँउपालिका वडा नम्बर ५ बस्ने हरिचरण महतो धानुकले आफनो छोराको हत्याको आरोपमा जेलमा रहेका ब्यक्ति लकडाउनको अवधीमा छुटेको भन्दै दुख ब्यक्त गरेका छन् । अदालतले यसरी लडडाउनको अवधीमा बैजनाथलाई छाडेर हामीलाई थप दुखी तुल्याएको छ महतोले भन्नुभयो ।

१० बर्षिय छोरा श्यामबाबु मण्डललाई कर्तब्य गरि मारेको आरोप सहित सोहि गाँउपालिका वडा नम्बर ५ निवासी बैजनाथ महतो धानुकको नाममा जिल्ला प्रहरी कार्यालय बारामा हरि चरणले किटानी जाहेरी दिएपछि प्रहरीले अदालतमा निजलाई पेश गरेकामा अदालतले पुर्वपक्षका लागि महतोलाई पुस महिनामा वीरगंज कारागार चलान गर्ने आदेश भएको थियो ।

लक डाउनको अवधीलाई सर्वोच्च अदालतले शुन्य समय मानेको तथा बार एसोसिएसन संगको सहमतिमा सरकारी वकिल, एवम अदालतले जाहेरवाल, निजी वकिललाई जानकारी गराउनुपर्ने भएपनि अदालतले र सरकारी वकिलले समेतले हामीलाई र जाहेरवालालाई समेत जानकारी नगराई असार २ गते फैसला गरेको हुदा आफु अन्यौलमा परेको हरिचरण महतो धानुकको वकिल प्रमोद दासले बताउनुभयो ।

कर्तब्य ज्यानको मुद्धा नम्बर २०७६ सि एच ०१९० रहेको हो । जिल्ला अदालत बाराको ईजलास नम्बर ३ का न्यायधिस ईश्वरी प्रसाद गौतमको एकल ईजलासले मिति २०७७ साल असार महिनाको २ गते नेपाल सरकारको दावी नपुगेको हुदा प्रतिवादी बैजनाथ महतोलाई सफाई दिने आदेश भएको अदालतले जनाएको छ ।

२०७६ साल असोज ४ गते मृतक श्यामबाबु मण्डल र बैजनाथका छोरा रोसन बिच भऱाडा भएपछि श्यामबाबुले रोसनको टाउको फुटाएको थियो । ४ गते राती सम्म पनि घरमा श्यामबाबु आएको थिएन । खोजबिन भएपछि रातीमा नभेटिएका श्याम असोज ५ गते बिहान स्कुल अगाडी रहेको पोखरीमा मृत अवस्थामा लास फेला परेको थियो ।

# नेकपाको निर्णय विरुद्ध नेपाली काँग्रेस धनुषा सडकमा

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली काँग्रेस प्रदेश २ जनकपुरधाम नागरिकता ऐन संशोधन सम्बन्धि निर्णयको विरोधमा प्रदर्शन गरेको छ । बाहिरी मूलुकबाट विवाह गरी आउने बुहारीलाई सातवर्ष पछि नागरिकता दिने संविधानको मूलमर्म र भावना विपरीत रहेको भन्दे काँग्रेसले जनकपुरधामको शिव चौकमा आइतवार प्रदर्शन गरेको छ ।

नेकपाले ल्याएको विधेयकले नेपाल-भारतबीच युगौंदेखि कायम रहेको सामाजिक र सांस्कृतिक सम्बन्धमा नकारात्मक असर पर्ने भएकोले विधेयक खारेज गर्नुपर्ने मागसहित नेपाली काँग्रेसका कार्यकर्ताहिरुले नाराबाजी गरेका थिए ।

विरोध प्रदर्शनमा नेपाली काँग्रेस प्रदेश २ संसदीय दलका नेता रामसरोज यादव, नेपाली काँग्रेस धनुषाका सभापति महेश शंकर गिरि,उपसभापति संतोष यादव,सचिव बिशेश्वर यादव,नेपाली कांग्रेस धनुषाका नेता जिबनाथ चौधरी, प्रदेशसभा सदस्य प्रमिला देवि दास, क्षेत्रिय सभापति कन्हैया कर्ण, नगर अध्यक्ष मनोज साह, प्रफुल्लराज घिमिरे,लगायतको सहभागिता रहेको थियो ।

# सर्लाहीमा एक व्यक्तिको हत्या

टुडे समाचारदाता

मलंगवा । सर्लाही जिल्लामा एक व्यक्तिको धारिलो हतियार प्रहार गरी हत्या गरिएको अवस्थामा शव फेला परेको छ ।

प्रहरीका अनुसार रामनगर गाउँपालिका ४ बेरिया टोलका ४० बर्षीय रामजुलुम रायको शव हत्या गरिएको अवस्थामा घर नजिकैको खेतमा फेला परेको छ ।

गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बर्माले उनको दुबै खुट्टा र हात बाँधिएको अवस्थामा हत्या गरिएको अवस्थामा शव फेला परेको जानकारी दिए ।

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक संजालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरतिका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com ,todayad@gmail.com, Website : www.ejanakpurtoday.com